# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय, बहुवर्गीय । भौगोलिक दृष्टिले विविधता युक्त देश हो । नेपाल प्रत्येक भागमा विविध भाषाभाषी, जातजाती, वर्ग सम्प्रदायमा मानिसहरु बसोबास गर्दछन् । विविध भौगोलिक क्षेत्रमा बसोबास गर्न विभिन्न जातिको आ-आफ्नै लोक, संस्कृति, मूल्यमान्यता र विशेषताहरु रहेका छन् । विश्वको कूल भूभाग ०.०३% र एशियाको मूल भूभागको ०.३% मात्र ओगटेको भएता पनि सांस्कृतिक र विविधता तथा जातीय विविधताको क्षेत्रमा नेपाल धनी छ । विभिन्न जातजातिहरुको संगम स्थलको रुपमा रहेको नेपाल विश्व समुदायको लागि एक सांस्कृतिक संग्रहालयको रुपमा रहेको् छ । यहाँ बसोवास गर्ने प्रत्येक जाती वा समुदायले आफ्नो संस्कृति, रितिरिवाज सामाजिक संरचना तथा आर्थिक पक्षको विकास गरेर आफ्नो जातीय पहिचान प्रस्तुत गर्न थालेका छन् । एउटै राष्ट्र नेपालमा बस्ने कुनै एक जातिको एक पक्ष माथि कमी आउना साथ सिंगो मुलुकको विकासमा प्रभाव पार्ने हुनाले नेपालीहरुको वासस्थान हिमाल, पहाड, तराई उपत्यकाको साथै नेपालभरी वस्ने जातीहरुको सम्पूर्ण क्षेत्रहरुको उत्थान गरी एउटा मूल प्रवाहमा समेटिएर माश देशको विकास हुन सक्छ ।

आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन २०५८ जारी भएपछि १०२ भन्दा बढी जातजाति रहेको छ । हाल नेपाल सरकारद्वारा ती मध्ये ५९ जातिलाई आदिवासी जनजातिमा सूचिकृत गरेको छ । जसलाई अनुसूची ९ मा राखिएको छ । आदिवासी जनजातिको सम्बन्धमा विभिन्न परिभाषा तथा दृष्टिकोणहरु पाइन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले बृहत् शब्दकोषको पृष्ठ ४६९ मा जनजाति भन्नाले जंगल फाँडेर, खोरी खाने, नाँगा, रोंचे, कुसुण्डा जस्ता सभ्यता, शिक्षा आदिमा पछि परेका र नजिकको परिवेशसँग पनि प्रभावित नभएर पछौटे जातिलाई बुझाउँछ । यस्तै जनजातिको Ethnicity को रुपान्तरण मान्ने हो भने यसको शाब्दिक अर्थ (बोलन्स शब्द कोष) मानव वा मानवहरुको समूह जसको साझा संस्कृति, धर्म अथवा भाषा हुन्छ । तत्कालीन श्री ५ को सरकारले गठन गरेको राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान स्थापना गर्न गठिन कार्यदलले गरेको परिभाषा अनुसार आफ्नो मातृभाषा र परम्परागत रिति भएको तर चार वर्णको हिन्दु वर्णाश्रम व्यवस्था भित्र नपर्नेहरु जनजाति अन्तर्गत पर्दछन् । यसरी हेर्दा जनजाति भन्नाले निम्न विशेषताहरु भएको समुदायलाई बुझाउँछ ।

- जसको आफ्नो छुट्टै सामूहिक सांस्कृतिक पहिचान ।
- जसको परम्परागत भाषा, धर्म, रितिरिवाज र संस्कृति छ ।
- जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।
- जसको परम्परागत भौगोलिक क्षेत्र छ ।

- जसको लिखित वा अलिखित इतिहास छ ।
- जुन समुदाय भित्र "हामी' भावना छ (भट्टचन, २००५) ।

नेपालको आदिवासी जनजातिहरु मध्ये कुमाल पनि एक पर्दछ । राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा कुमाल जातिको कुल संख्या ९९,३८९ रहको छ (न्यौपाने, २००५: २१) । कुमाल जातिका मानिसहरु नेपालका तराई, भित्री मधेश र पहाडका कछार क्षेत्रमा बसोबास गर्दै आएको पाइन्छ ।

कुमाल शब्द संस्कृत भाषाको 'कुम्भकार' शब्दबाट बनेको मानिन्छ । संस्कृति भाषामा माटाको भाडालाई कुम्भ र त्यो बनाउनेलाई 'कुम्भकार' भनिन्छ । मानव सभ्यताको इतिहासतर्फ ध्यान दिने हो भने सुरुमा जातीय विभाजनको मूल आधार पनि सम्बन्धित व्यक्तिको कार्य वा त्यसले अंगालेको प्रमुख व्यवसायलाई मानेको पाइन्छ । कुम्भ अर्थात् माटाका भाँडा, वर्तन बनाउने र गाउँ गाउँमा लगी बिक्री गरेर वा आफूलाई खाँचो भएको वस्तु साटेर जीविका गर्ने मानव समुदाय विशेष कुम्भकार अर्थात् कुमाल जातिका नामले प्रसिद्ध छ ।सामान्यतः कुमालहरुको शारीरिक रुपरंग हेर्दा कल्साउँदो वर्ण, मझौला कद आदि लक्षण देखिन्छन् । श्रमजीवि हुनाले बलिया एवं हिष्टपुष्ट देखिन्छन् । साथै आकार प्रकार झलक्क हेर्दा कुमालहरु माझि, बोटे, थारु आदिसँग मिल्दा जुल्दा देखिन्छन् (घिमिरे, २०६४) ।

मानव समुदायको हरेक क्रियाकलापलाई शिक्षाले हरपल हर क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विकासमा यस देशको शिक्षा प्रणालीले सहयोग पुऱ्याएको हुन्छ । शिक्षा बालबालिकाको सर्वाङ्गिण पक्षको विकासको माध्यम हो । शिक्षाले सामाजिक न्यायिक प्रतिस्थापन गर्दछ । अहिलेको विश्व परिवेशमा हेर्ने हो भने हरेक राष्ट्र हरेक नागरिकहरुले शिक्षा प्राप्त गर्नु जरुरी छ र अनिवार्य (दाहाल, २०६१: ३०) ।

शिक्षा बालबालिकाको जन्मसिद्ध अधिकार हो र प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ भन्दै बालबालिकाहरुका मौलिक अधिकारका रुपमा शिक्षालाई स्वीकार गरिएको कुरा संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी घोषणा पत्रमा भनिएको छ "Every one has right to get education, education shall be free at least in the ementary fundamental stage (शर्मा, २०६२: ४२) ।

नेपालको सन्दर्भमा हेर्नुपर्दा शिक्षा हरेक व्यक्तिको नैसर्गिक अधिकार भनिएता पनि नेपालको कुल साक्षरता% ५३.७४% रहेको पाइन्छ भने कुमाल जातिको साक्षरता% ३०.२२% रहेको थियो (जनगणना २०५८) । यसैगरी यस अध्ययन क्षेत्र धादिङ्ग जिल्ला मूरली भञ्ज्याङ्ग गा.वि.स. वडा नं. ३ मा पर्ने कुमालहरुको साक्षरता% २.३३ मात्र रहेको पाइयो । राष्ट्रमा नै कुमालजातिको बसोबास गर्ने जिल्लाहरुमा बढी साक्षरता पाइएको जिल्ला र साक्षता%लाई धेरैदेखि थोरैको क्रममा तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**विभिन्न जिल्लाको कुमाल जातिको साक्षरता%**

| जिल्ला | साक्षरता% |
|---|---|
| तनहुँ | ३५.६३ |
| चितवन | ३५.०३ |
| नवलपरासी | ३२.३१ |
| पाल्पा | ३२.२२ |
| अर्घाखाँची | २६.८१ |
| दाङ | २४.३१ |
| गुल्मी | २०.१७ |

Source: CERID, 1997.

माथिको तालिका अनुसार सबैभन्दा बढी साक्षरता% भएको जिल्ला तनहुँ र सबैभन्दा कम साक्षरता% भएको जिल्ला गुल्मी रहेको देखियो ।

हाम्रो देशको वर्तमान सन्दर्भमा विपन्न वर्ग, दलित, जनजातिका बालबालिका शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित भएका छन् । यिनीहरु वञ्चित हुनुको प्रमुख कारण गरिबी हो । घरको कामकाजका अशिक्षा, परिवारको सामाजिक, आर्थिक,साँस्कृतिक अवस्था आदिलाई लिन सकिन्छ । वास्तवमा दलित जनजाति, विपन्न तथा पिछडिएका बालबालिकाहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र तिनीहरुको जीवनस्तर वृद्धि गर्न शिक्षा नै सबैभन्दा उपयुक्त माध्यम हो । ती वर्गका बालबालिकाहरुको शैक्षिक पहुँच वृद्धि गर्न राष्ट्रि अन्तर्राष्ट्रिय शैक्षिक संघसंस्था, सरकारी तथा निजी क्षेत्रबाट ठूलो लगानी गरिएको पाइन्छ । तर पनि यिनीहरुले अपेक्षित लाभ प्राप्त गर्न सकेको छैन ।

त्यसैले यस अध्ययनमा जनजाति अन्तर्गत पर्ने कुमाल जातिको शैक्षिक अवस्था के कस्तो छ भनी बुझ्नको लागि धादिङ जिल्ला मुरलीभञ्ज्याङ गा.वि.स.वडा नं. ३ मा पर्ने कुमाल समुदायको प्राथमिक विद्यालय तहमा कुमाल बालबालिकाको शिक्षाको अवस्था पत्ता लगाउनको लागि यस शीर्षकलाई अध्ययनको  विषय बनाएको थियो ।

### १.१.१ अध्ययन क्षेत्रको परिचय

अध्ययन क्षेत्र धादिङ जिल्ला मुरलीभञ्ज्याङ गा.वि.स. को कुरा गर्नुपर्दा धादिङ जिल्लाको उत्तर पश्चिम अवस्थित यो गा.वि.स. ५० ओटा गा.वि.स. मध्येको एक हो । यो गा.वि.स. २२.५४ वर्ग कि.मी. क्षेत्रफल फैलिएको छ । यो गा.वि.स. पूर्वमा सुनौला बजार र नीलकण्ठ, पश्चिममा चैनपुर दक्षिणमा नलाङ्ग, ढोला र उत्तरमा सारांश, ज्यामरुङ, निलकण्ठ गा.वि.स.बाट परिवेष्ठित छ । यो गा.वि.स.

सदरमुकामसँग जोडिएको गा.वि.स. हो । च्याङ्ु खोलाबाट साँघुटार सम्म ६ कि.मी. पक्की सडक हुँदै सदरमुकाम पुगेको छ । यस जिल्लाको ३ ओटा निर्वाचन क्षेत्र मध्ये २ नम्बर क्षेत्रमा यो गा.वि.स. अवस्थित छ ? ब्राह्मण र नेवार जातिको बाहुल्यता रहेता पनि मगर, कुमाल, क्षेत्री, दमाई, कामी आदि जातिका मानिसहरु पनि यस गा.वि.स.मा बसोबास गर्दछन् । यस गा.वि.स.का अधिकांश मानिसहरुको प्रमुख पेशा भनेको कृषि नै हो जसको अलावा ज्यालादारी काम गर्ने मानिसहरु पनि प्रशस्तै भेटिन्छन् ।

भौगोलिक विविधता रहेको यस गा.वि.स. फेदमा विन्दु केशर (थोपल) खोलाले यस गा.वि.स.को केही जग्गालाई सिंचाई सुविधा पुऱ्याइएको छ । सदरमुकामको आसपासको मानिसहरुले तरकारी खेती गरी सदरमुकाम सम्म पुऱ्याई बिक्री वितरण गरी आय आर्जन गर्ने गरेको पाइन्छ । यस गा.वि.स.मा कुल जनसंख्या २०५८ सालको जनगणना अनुसार ९४६३ जना छन् भने जसमा पुरुष र महिला क्रमशः ३६४८ र ३८१५ छ । कुल घरधुरी संख्या १३५८ छ भने परिवार औसत जनसंख्या ५.५ छ । यसैगरी २.४% यस गा.वि.स. को जनसंख्या वृद्धिदर रहेको छ । मुरलीभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ३ मा कुमालहरुको जम्मा घरधुरी संख्या ६३ रहेको जम्मा जनसंख्या ३०० जसमा महिला १५६ र पुरुष १४४ जना रहेको स्थलगत अध्ययनबाट पाइएको थियो ।

## १.२ अध्ययनको औचित्य

विद्यालयले शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक, भाषिक र अन्य अवस्था भएका बालबालिकाहरुलाई समेटेर शिक्षा दिनुपर्छ । शारीरिक अशक्तता भएका, विशेष प्रतिभाशाली, सडक बालबालिका, बालमजदुर, दुर्गम क्षेत्रमा बसोबास गर्ने, फिरन्ते जीवन बिताउने समूहका भाषिक जातीय र सांस्कृतिक रुपमा अल्पसंख्यक, समुदायका पछि परेका वर्ग र सीमान्त क्षेत्र वा वर्गबाट आएका बालबालिका समेतलाई समेटेरशिक्षा दिने नीति तयार गर्नुपर्छ । तर अझै पनि नेपालमा धेरै समुदायका बालबालिकाहरु शिक्षा आर्जन गर्ने अवसरबाट वञ्चित छन् । कतिपय बालबालिकाहरु विद्यालय आएर पनि अर्थपूर्ण सिकाई वातावरणबाट वञ्चित छन् । सन् २०१५ साम्ममा सबै बालबालिकाहरु विशेषगरी छात्रा, कठिन परिस्थितिमा रहेका बालबालिका तथा अल्पसंख्यक जनजातिको शिक्षामा पहुँच पुऱ्याई निःशुल्क तथा अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षा सबै बालबालिकालाई सुनिश्चित गर्नका लागि शिक्षालाई मौलिकहकको रुपमा स्वीकार गरेर शिक्षामा लैङ्गिक समानता, समावेशीता र समता जस्ता पक्षको विकास गरी प्रत्येक लोक कल्याणकारी राज्यको उत्तरदायित्व शैक्षिक क्षेत्रमा आर्थिक वर्ष २०६६।०६७ देखि वि.सं. २०७२।०७३ सम्मका लागि दीर्घकालीन रणनीतिको रुपमा तयार गरिएको विद्यालय क्षेत्र सुधार योजना, जसलाई नेपालको शिक्षा विकासका लागि नेपाल सरकारले मुख्य दस्तावेजको रुपमा स्वीकार गरिएको छ । त्यसले अगाडि सारेका सबै बालबालिकाहरुको शैक्षिक आवश्यकता पूरा गर्ने कार्यक्रमलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

सन् २००२ देखि सुरु भएको सबैका लागि शिक्षा कार्यक्रम र त्यसै वर्षदेखि सुरु भएको माध्यमिक शिक्षा सुधार कार्यक्रमले लैङ्गिक तथा सामाजिक समताका सवालहरुलाई अझ समेट्ने जमर्को गऱ्यो, त्यसैको परिणाम स्वरुप निम्न माध्यमिक तथा माध्यमिक तहमा भर्ना हुने छात्रा, जनजाति, दलित अपाङ्गता भएका बालबालिका विभिन्न मातृभाषा भएका बालबालिका र अन्य पिछडिएका वर्गका बालबालिकाहरुको शिक्षामा पहुँच बढेर गयो । वि.सं. २०६६।०६७ देखि लागू भएको विद्यालय क्षेत्र सुधार कार्यक्रमले पनि आधारभूत शिक्षा (कक्षा १-८) लाई अधिकारको रुपमा स्वीकारेको छ । उक्त अधिकार सुनिश्चित गर्न विभिन्न नीति र रणनीति एवम् कार्यक्रमहरु अगाडि सारेको छ । निःशुल्क आधारभूत शिक्षा प्राप्त गर्न आवश्यक कानुनी प्रावधानको तर्जुमा प्रमुख रणनीति हुन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमले सबै बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउनका लागि छात्रवृत्तिलाई एउटा प्रमुख रणनीति मानेको देखिन्छ ।

अनुसन्धानको क्रममा चाहे त्यो वैज्ञानिक होस् वा सामाजिक वैज्ञानिक खोज होस् । अध्ययन अनुसन्धानका आ-आफ्नै औचित्यहरु रहेका हुन्छन् । पिछडिएका समुदायको सहभागिता सन्तोषजनक बनाउन तिनीहरुको पहुँचलाई अभिवृद्धि गर्ने र गुणस्तर अभिवृद्धि गर्ने तर्फ जोड दिएको पाइन्छ शिक्षाको राष्ट्रिय उद्देश्यमा सबै जातिका बालबालिकाहरुलाई शिक्षामा समान अवसर दिने भनिएता पनि यसको कार्यान्वयन पक्षमा समानता रहेको पाइँदैन । शिक्षामा सम्पूर्ण जात जातिका, भाषा भाषिका बालबालिकाहरुको समान अवसर,पहुँच अभिवृद्धि गर्ने कार्यक्रमहरु प्रशस्त मात्रामा वृद्धि गरेता पनि कुमाल बालकालिकाको शिक्षामा पहुँच कम रहेको पाइन्छ । ती कमजोरीहरुलाई विभिन्न कारणहरुले गर्दा अझै बेलैमा रोकथाम गर्ने स्रोत नराखिएमा भविष्यमा यस जातिको शैक्षिक स्थिति झन गिर्दै जाने सम्भावना छ । त्यसैले गर्दा यो शीर्षक अनुसार अध्ययन गर्नु जरुरी छ । यो अध्ययन गरि सकेपछि निम्न व्यक्ति, संस्थालाई प्राथमिक तहमा कुमाल बालबालिकाको शैक्षिक स्थिति उत्थान प्रति नीति निर्माण, कार्यान्वयन गर्न ज्यादै सहयोग गर्नेछ ।

- धादिङ जिल्ला मुरलीभञ्ज्याङ गा.वि.स.का कुमाल जातिको विद्यालय सहभागिताको स्थिति पहिचान गर्न सहयोग गर्नेछ ।
- कुमाल जातिको शैक्षिक स्तर कस्तो छ भनेर पहिचान गर्नमा सहयोग गर्नेछ ।
- कुमाल बालबालिकाहरुको शिक्षाका लागि गरिएका प्रयासहरु पहिचान गर्न सहयोग पुग्नेछ ।
- कुमाल बालबालिकाहरुको शैक्षिक व्यवस्थापन कसरी गर्न सकिन्छ भनी जानकारी दिनेछ ।
- कुमाल जातिका बालबालिकाहरुको शैक्षिक अवस्था तथा उपलब्धिको बारेमा जानकारी गराइ भावी कार्य योजना निर्माण गर्नमा सहयोग गर्नेछ ।

- कुमाल बालबालिकाको शैक्षिक अवस्थालाई सुधार गर्नमा शिक्षा कार्यालय साथै अन्य शिक्षासँग सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई सहयोग पुग्नेछ ।

यस अध्ययनले कुमाल जातिको बारेमा अध्ययन गर्न र कुमाल जातिको समग्र रुपमा नै शैक्षिक अवस्थाको थप अनुसन्धान कार्य गर्न सहयोग पुग्नेछ । अन्त्यमा अध्ययनबाट शिक्षासँग सम्बन्धित शिक्षा विद, योजना विद, शिक्षक, अभिभावकहरु तथा शिक्षासँग चासो राख्ने र कुमाल जातिको अध्ययन गर्ने सम्पूर्ण व्यक्तिलाई यो अध्ययनबाट सहयोग मिल्न जानेछ ।

## १.३ समस्याका कथन

विश्वका विभिन्न देशहरुमा फरक फरक जातजाति भाषाभाषि, धर्म, संस्कृति, मूल्य मान्यता, सामाजिक आर्थिक, वैचारिक, राजनीतिक, भौगोलिक पेशा व्इवसाय, उमेर, लिङ्ग भएका मानिसहरु हुन्छन् । समाजमा बसोबास गर्ने सबै व्यक्तिको आत्मसम्मान गर्न, उत्थान गर्न, राज्यबाट वितरण गरिने स्रोत र साधनमा सबैको हक अधिकार सुनिश्चित गर्नका लागि विभिन्न किसिमको व्यवस्थापन गर्नु प्रत्येक लोक कल्याणकारी राज्यको उत्तर दायित्व हो । समाजमा रहेका सबै जातजाति, धर्म, संस्कृति, आर्थिक, सामाजिक अवस्था भएका महिला पुरुष शारीरिक रुपमा साङ्ग र अपाङ्ग तीक्ष्ण बौद्धिक क्षमता भएका र मन्द बुद्धि भएका बालबालिका सबैलाई सार्वजनिक सेवा एवम् आफूलाई प्रभावित गर्ने जुन कुनै आर्थिक, सामाजिक र राजनीतिक अवसरहरुको उपभोगमा विना भेदभाव समान पहुँच सुनिश्चितता गर्नु नै समाजमा नागरिकहरुको मूल प्रवाहीकरण हो । विश्वका धेरै जसो देशमा सन् १९४८ पछि शिक्षालाई मानव अधिकारको विषयको रुपमा घोषणा गरी लागू गरियो तर शिक्षामा गरिएको असमान स्रोत र साधनको वितरणले गर्दा केही व्यक्ति, समुदाय वा समूहले लाभ लिन पायो, समाजमा अन्य जनजाति, भाषा भाषिका नागरिकहरु शैक्षिक अवसरबाट पछि पारिएका तसर्थ उनीहरु पछाडि पर्न गए । तसर्थ सन् १९५० को दशकपछि विश्वका हरेक लोक कल्याणकारी राज्यले आफ्ना देशका नागरिकलाई सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा समान अवसर मात्र होइन न्यायपूर्ण एवम् समतामूलक अवसर प्रदान गर्न साधन र स्रोतले भ्याएसम्म विभिन्न उपायहरु गरिरहेका छन् । यस्ता कार्यक्रमले समाजका सबै व्यक्तिको आत्मसम्मानको वृद्धि हुने र नागरिकहरुलाई प्राकृतिक न्यायको सिद्धान्त अनुसार व्यवहार गर्न सकिन्छ ।

आर्थिक, सामाजिक तथा धार्मिक रुपमा पछि परेका कुमाल जातीहरु अझै पनि शिक्षाको मूल धारबाट बाहिर छन् । कुमाल बालबालिकाहरुको विद्यालय तहको शिक्षा पूरा गर्न नसकिरहेको अवस्था छ । अझै पनि कुमालहरुको शैक्षिक स्थिति कमजोर रहेको छ । त्यसकारण कुमाल बालबालिकाहरुको शैक्षिक अवस्था तथा उपलब्धि स्तर कस्तो रहेको छ ? भनेर खोज्नु सान्दर्भिक देखिएकोले मैले यस शीर्षकलाई समस्याको रुपमा छनोट गरिएको थिए ।

यो अध्ययन प्रस्तावना धादिङ जिल्ला मुरली भञ्ज्याङ गा.वि.स. भित्र रहेका कुमाल जातिका बालबालिकाहरुको प्राथमिक तहमा शैक्षिक अवस्थाको लेखाजोखा गर्नु रहेको भएता पनि प्रस्तुत अधययनको निम्न अनुसन्धानात्मक प्रश्नहरुको जवाफ खोजी गरिएको छ ।

क. कुमाल बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति कस्तो छ ?

ख. कुमाल बालबालिकाहरुको शैक्षिक स्थिति के कस्ता छन् ?

ग. कुमाल बालबालिकाहरुको शिक्षाका लागि के कस्ता प्रयासहरु गरिएका छन् ?

घ. विद्यालय शिक्षाको सान्दर्भिकताबारे कुमाल अभिभावकको धारणा कस्तो छ ?

ङ. कुमाल बालबालिकाहरुको शैक्षिक व्यवस्थापन के-कसरी गर्न सकिन्छ ?

उपरोक्त प्रश्नहरुमा केन्द्रित रही यस अध्ययनको शीर्षक "प्राथमिक तहमा कुमाल बालबालिकाहरुको शैक्षिक अवस्था" चयन गरी अध्ययन गर्ने सोच राखेकी थिएँ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि कार्यक्रमको थालनी गर्नुको पछाडि त्यसको एउटा निश्चित उद्देश्य रहेको हुन्छ । उद्देश्य बिनाको कार्यक्रमले सही उपलब्धि हासिल गर्न सक्दैन । उद्देश्य कुनै पनि योजनाको गन्तव्य स्थान हो । जुन स्थानमा पुग्न उद्देश्य विनाको योजना लगाम बिनाको घोडा जस्तै हुन्छ । अध्ययनमा विभिन्न गुणहरु हुन्छन् । जस्तैः स्पष्ट, व्यावहारिक, मापनयोग्य संक्षिप्त तसर्थ ती गुणहरुको अपहेलना बिना उद्देश्यले पूर्ण रुप लिन सक्दैन भनौ या कुनै पनि अधययन अनुसन्धानलाई सही निर्देशित गर्दै यो अध्ययनलाई अर्थपूर्ण बनाउन विभिन्न उद्देश्यहरु छनोट गरिएको थियो । ती उद्देश्यहरु निम्नानुसार थिएः–

क. प्राथमिक तहमा कुमाल बालबालिकाको विद्यालय सहभागिताको स्थिति पत्ता लगाउनु,

ख. कुमाल बालबालिकाहरुको शैक्षिक स्तर पहिचान गर्नु,

ग. कुमाल बालबालिकाहरुको शिक्षाका लागि गरिएको प्रयासहरुको लेखाजोखा गर्नु ।

## १.५ अध्ययनको सिमाङ्कन

जुनसुकै विषयवस्तुको क्षेत्र पनि व्यापक हुन्छ । यी क्षेत्रहरु सबैको अध्ययन गर्नतिर लाग्ने हो भने लामो हुन सक्छ । त्यसैले अध्ययनले खोजेको कुरा र राखिएको उद्देश्यहरु समेत पूरा नहुन सक्छन् । त्यसैले समय, श्रोत, साधन र लागतलाई ध्यानमा राखेर अधययनलाई सरल, स्पष्ट र उद्देश्य अनुरुपको बनाउनको लागि अध्ययनको सिमाङ्कन निर्धारण गर्नु जरुरी हुन्छ । त्यसैले मैले पनि निम्नानुसारको सिमाभित्र रहेर अध्ययनलाई सफल बनाउने जमर्को गरिएको थिएँ ।

- यो अध्ययन धादिङ जिल्ला मुरलीभञ्ज्याङ गा.वि.स. स्थित कुमाल समुदाय र यही समुदाय भित्रका प्राथमिक विद्यालय रहेको थियो ।
- कुमाल बालबालिकाले अध्ययन गर्ने यसै गा.वि.स.का २ वटा विद्यालय लिइएको थियो ।
- यसै गा.वि.स. का वडा नं. ३ मा पर्ने २ वटा विद्यालय लिइएको थियो ।
- उक्त वडाको सम्पूर्ण कुमाल घरधुरीहरु नमूनाको रुपमा लिइएको थियो ।
- यस अध्ययनका लागि १० जना अगुवा कुमाल अभिभावक छनोट गर्ने भनिएकोमा ६ जनामा मात्र सीमित रह्यो ।
- यो अनुसन्धान कुमाल बालबालिकाहरुको विद्यालय भर्ना, कक्षा उपस्थिति, नियमितता, उपलब्धि स्तर, उत्तिर्ण दर, गृहकार्य, शिक्षाका लागि स्थानीय सरकारी र गैर सरकारी संस्थाबाट गरिएका प्रयासहरुमा सीमित गरिएको थियो ।
- विद्यालय रेकर्ड/विवरण, छनोट घरधुरी सर्वेक्षण, विद्यार्थी, शिक्षक, अभिभावकहरुको प्रतिक्रियाबाट प्राप्त सूचनामा अधययन सीमित गरिएको थियो ।

## १.६ सम्बन्धित शब्दावलीको परिभाषा

आदिवासी : लामो समयदेखि निश्चित भू-क्षेत्र भित्र बसोबास गर्ने मानिसहरुमा कुनै पनि भू-क्षेत्रका पूराना बासिन्दाहरुलाई बुझिनेछ ।

जनजाति : आफ्नो छुट्टै भाषा, संस्कृति, पहिचन आदि भएको, निश्चित भू-क्षेत्र भित्र बसोबास गरेका, आर्थिक, शैक्षिक रुपमा पिछडिएको स्वतन्त्र जाति विशेष ।

गा.वि.स. : गाउँ विकास समिति

प्रा.वि. : प्राथमिक विद्यालय

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पूनरावलोकन

अनुसन्धान कार्य गर्नु अगाडि अनुसन्धान शीर्षकसँग सम्बन्धित पूर्व अध्ययन तथा पुस्तक, पत्रपत्रिका, बुलेटिन आदिबारे अध्ययन गर्नु नै पूर्व साहित्यको समिक्षा हो । सम्बन्धित विषयमा ज्ञानको क्षेत्र फराकिलो पार्न समेत पूर्व साहित्यिक समिक्षाले सहयोग गर्दछ ।

यस अध्ययन नेपालको धादिङ जिल्लामा पर्ने एक जनजाति कुमालको शैक्षिक स्थितिको अध्ययनसँग सम्बन्धित अध्ययनको शैक्षिक पृष्ठभूमि पहिचान गर्न, जनजातिको परिचय, पिछडिएका वर्गाको शैक्षिक स्थितिको लागि गरिएका प्रयासहरु र यस शीर्षकमा गरिएका प्रयासहरु र यस शीर्षकमा गरिएका अध्ययनहरुको पूनरावलोकन गरिएको थियो । यसलाई सारसंक्षेपमा निम्नानुसार प्रस्तुत गरिएको थियो ।

## २.१ जनजातिको परिचय

जनजातिको परिचयमा जनजातिलाई कसरी परिभाषित गरिएको छ भन्ने कुराहरुको उल्लेख गरिएको छ । जनजाति भन्नाले जातिसँग, जोडिएको, जातीय गुणहरु सांस्कृतिक विशेषतामा आवद्ध भई भाषिक पहिचान कायम भएको वर्ग हो भन्न सकिन्छ । जनजातिलाई आदिवासी अर्थात् सुरुदेखि नै बसोबास गर्दै आएको आफ्नो पहिचान, आफ्नै भाषा, धर्म, परम्परा, संस्कृति तथा सभ्यतामा रहेको समुदाय भन्ने बुझिन्छ । नेपालको सन्दर्भमा जनजातिलाई कसैले कविताको रुपमा मात्र त कसैले जाति (Nationality) को रुपमा मात्र बुझ्ने गरेका छन् । जनजातिय शब्द र त्यसको वर्गीकरण नेपाली समाजको सामाजिक बनोटको विशेषत स्थितिको उपज हो भन्ने यथार्थतालाई बिसर्ने गर्दछन् । हाम्रो देशको सामाजिक संरचना र सांस्कृतिक मूल्य एवम् मान्यताका आधारमा जातवाला जाति र जाति विभेदरहित जाति (जनजाति) रहेका छन् । यसर्थ जनजाति भन्ने हिन्दु वर्णाश्रम संरचना जस्तो ठूलो सानो जात विभाजन नभएका परम्परागत सामाजिक संरचना समानतामा आधारित भएका नेपालका कुनै पनि मानव समूह भन्ने बुझ्नु पर्दछ । जनजाति भनेको सामाजिक संरचनाको आधारमा वर्गिकृत विभिन्न मानव समूहहरुलाई समग्रमा बुझाउने शब्द हो । यो जाति नै हो तर जाति (Nationality) को विश्वव्यापी एक रुपताको परिभाषा भित्र मात्र यो रहेको छैन । जाति (Nationality), भित्र राष्ट्र (Nationality), कविला (Tirbe) र गण (elan) पर्दैनन् । राष्ट्र जनजाति भित्र रहेका गण र कविताको रुपमा रहेको मानव समूहहरु पनि पर्दछन् (काफ्ले र अन्य, २०६८: १२३) ।

## २.२ कुमाल जातिको परिचय

कुमाल जाति नेपालको विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने एक जनजाति हो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाल बृहत शब्दकोषमा कुमाल उल्लेख नभै 'कमाले' शब्दको परिभाषा दिएको छ । जसले परिभाषामा माटको भाँडा बनाउने एक जाति कुम्भकार, कुम्हाल भनिएको छ (त्रिपाठी र दाहाल, २०५५: २५०) । यद्यपि भोजपुरी र थारु भाषामा कुमाललाई कुम्हार भनिन्छ । त्यस्तै संस्कृत भाषामा माटाको भाँडालाई कुम्भ र त्यो बनाउनेलाई कुम्भकार भनिन्छ । यसरी आम बुझाईमा माटोको भाँडाकुँडा बनाउने कुम्भकार अर्थात् शिल्पकार नै हालको कुमाल जाति हो भन्ने मान्यता पाइन्छ तर यो अनुसन्धानको क्रममा केही कुमालहरु यो मान्यतासँग असहमत भेटिए । यूवा अनुसन्धान कर्मी देवेन्द्र कुमाल माटोको भाँडाकुँडा बनाउने सन्तानको रुपमा आफूलाई मान्न असहमत हुने अर्थात् आफूलाई पण्डित, राजपुत लगायत थर लेख्नेहरु शुद्ध कुमालहरु नभएको धारणा राख्छन् ।

नेपालमा कुमाल जातिहरु पहाडी क्षेत्रमा धादिङ, गोर्खा, तनहुँ, पाल्पा, गुल्मी, अर्घाखाँचीमा सघन बसोबास देखिन्छ । नेपालको २३ जिल्लामा एक हजार माथिको संख्यामा कुमालहरुको बसोबास रहेको देखिन्छ । वि.सं. २०५८ सालको जनगणना अनुसार धादिङ जिल्लामा कुमाल जातिको संख्या ४,१,२२ रहेको पाइन्छ । जिल्लाअनुसार कुमालहरुको बोल भाषामा फरक पर्छ । बसाइ अनुसार गोर्खा, पाल्पा लगायत पहाडी क्षेत्रमा बस्नेहरुले नेपाली भाषा बढी प्रयोग गर्दछन् भने दाङ, चितवन, नवलपरासी लगायत तराई तथा भित्री तराईमा बस्नेहरुको बोलीमा थारु भाषाको लवज पाइन्छ । त्यस्तै पर्सा लगायतका कुमालमा भोजपुरी भाषाको प्रभाव भेटिन्छ । दाङ पर्सेनी क्षेत्रका पहाडे कुमाल र त्यहीका थारुको बोली कुमाल जातिमा खासै भिन्नता पाइँदैन । त्यति मात्रै होइन ठाउँ विशेष अनुसार संस्कृतिमा पनि पृथकता भेटिन्छ । जस्तो नवलपरासी लगायत तराईका कुमालहरुले थारु गाउँको भइँहार थानामा सामेल हुने गर्दछन् । तर पहाडका कुमालमा हाल सामूहिक देउथान नै छैन (चौधरी, २०१०: ५) ।

पहाड क्षेत्रका कुमालहरु मगर, दरै, बोटे आदि सँग बढी घुलमिल गर्न रुचाउँछन् । तराई क्षेत्रका कुमालहरुले भने थारु जातिसँग हेलमेल बढी छ । भाषा, संस्कृति र धार्मिक परम्पराका आधारमा विचार गर्दा कुमालहरु तराईका आदिवासी मानिने थारु जातिको संसर्गमा बस्ने जाति हो । उनीहरु तराईबाट बसाई सर्दै पहाडका कछार खण्डमा र त्यहाँबाट पुनः विस्थापित भै भित्री मधेशमा बसोबास गर्न आइपुगेको हुन सक्छन् (पौड्याल, २०५९:९) । अनुसन्धानकर्मी बाँधवीर मुखिया कुमालका अनुसार पहिले कुमालहरुको तराईमा बसोबास नै थिएन, कुमालहरु पहाडबाट पछि मात्रै तराई सरेको हुन सक्छन् । त्यसैले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले उनीहरुलाई भित्री तराईमा बसोबास गर्ने जनजातिको श्रेणीमा राखेको छ । कुमाल जाति उति हजार वर्ष पहिले फलाना ठाउँबाट आएको ठोस प्रमाण इतिहासकारहरुले भनेका छैनन् । केहीले भारतको कुमाउबाट आइ कुमाल भएको हुन सक्ने बताउँछन् (पौडेल, २०६७: ४) । कुमाल नेपालको पुरानो आदिवासी जनजाति मध्ये एक हो भन्नेमा दुईमत छैन । यस जातिको आगमनबारे कुनै विद्वान्ले कुनै ग्रन्थमा ठोस रुपमा उल्लेख गरेको पाइँदैन ।

मदन कुमार रिमालले कुमाल जातिको एक अध्यनमा नेपालमा इ.पूं. लगभग ८ सय वर्ष अघि देखि कुमालको बसोबास रहेका हुन सक्ने औल्याएका छन् । पूरातात्विक उत्खननबाट प्राप्त माटाको भाँडाको अवशेषबाट प्राप्त प्रमाणको आधारमा यस्तो दावी गरिएको छ । लिच्छवीकालदेखि नै प्रसिद्ध रहेको हाल काठमाडौंको हाँडी गाउँ धुम्बाराही क्षेत्रमा कुमाल जातिको मानिसहरुको बसोबास हुन सक्ने त्यस क्षेत्रबाट पाइएका माटाको भाँडाको कुराबाट अनुमान गर्न सकिन्छ ।

## २.३ जनजातिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय राष्ट्रिय घोषणाहरु

सन् १९१९ मा स्थापित अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९२७ देखि ग्रामीण श्रमिकहरुको कामको अवस्थामा आफ्नो ध्यान केन्द्रित गरेको थियो । ग्रामीण श्रमिकहरु मध्ये अधिकांश आदिवासी भएकाले उक्त संगठन र आदिवासी जनजातिसँग नजिक आउने अवसर मिल्यो । सन् १९३० मा बाध्यात्मक श्रमलाई प्रतिबन्धित गर्ने सम्बन्धी महासन्धि (इ. २९) पारित गरिएको थियो । सन् १९५३-१९७३ को बीच अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा ल्याटिन अमेरिकाको इन्डियन आदिवासी सम्बन्धी कार्यक्रमको नेतृत्व गरेको थियो । सन् १९५३ मा अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा स्वतन्त्र देशहरुमा आदिवासी जनजातिहरुको बाँच्ने तथा कामको अवस्था सम्बन्धी अध्ययन प्रकाशित गरेको थियो । सन् १९५७ मा अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजाति सम्बन्धी महासन्धी नं. १०७ पारित गऱ्यो र यसमा आदिवासी जनजातिहरुलाई कथित मूल प्रवाहमा एकीकरण गर्ने अभिष्ट रहेको थियो । तर, आदिवासी जनजातिहरुमा चेतनाको अभावका कारण सन् १९८९ सम्म महासन्धि नं. १०७ कायम रह्यो । भारत, बंगलादेश लगायत २७ देशबाट अनुमोदन र ती मध्ये १९ देशमा अझै पनि लागू छ र यी देशहरुले महासन्धि नं. १६९ लाई अनुमोदन गरेको छैन ।

नागरिक तथा राजनीतिक अधिकार विषयक राष्ट्रसंघीय अनुबन्धन १६ डिसेम्बर १९६६ मा हस्ताक्षरको लागि खुला भएको थियो नेपालले १९९१ मा हस्ताक्षर गऱ्यो । उक्त अनुबन्धनलाई धारा १ मा सम्पूर्ण जाति जनजातिको आत्मनिर्णयको अधिकार भन्ने उल्लेख गरिएको छ । त्यसैले उनीहरु आफ्ना राजनीतिक अधिस्थान स्वतन्त्रतापूर्वक निर्धारण गर्छन् र आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासलाई निरन्तर कायम राख्न सक्छन् भनेको छ । अनुबन्धनले अगाडि भनेको ४, सम्पूर्ण जनजातिले आफ्ना प्राकृतिक स्रोत एवम् सम्पदाको उपभोग गर्न सक्नेछन् । कुनै जातजातिलाई कुनै अवस्थामा पनि आफ्नो जीवन धान्न उपायबाट वञ्चित गरिने छैन ।" त्यसरी नै अनुबन्धनको धारा २ मा अनुबन्धन पक्ष राष्ट्रको दायित्व स्पष्ट पार्दै भनिएको . . . सम्पूर्ण व्यक्तिलाई जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनीतिक विचारको उत्पत्ति, जन्म वा सुनिश्चितता प्रदान गर्न अनुबन्धनको पक्षराष्ट्र लिखित प्रतिज्ञा गर्छ । सन् १९९१ मा अनुबन्ध माथि हस्ताक्षर गरी नेपाल सरकारले कुनै पनि जाति माथि विना रोकावट आफ्नो भाषा संस्कृतिको उपभोग गर्न वञ्चित गरिने छैन भनी प्रतिज्ञा पत्रमा हस्ताक्षर गरेको सन्दर्भ आदिवासी जनजातिका लागि बलियो आधारको रुपमा विद्यमान छ ।

सन् २००० मा आदिवासी जनजाति मामिला हेर्ने आदिवासी जनजाति स्थायी मञ्च पनि स्थापना भइसकेको छ । जुन राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्लाई आदिवासी जनजाति मामिलामा आवश्यक परामर्श दिने एक मात्र राष्ट्रसंघीय संरचना हो । सयौं वर्षसम्म उपेक्षित र अपहेलित आदिवासी जनजाति समुदायले राष्ट्र तथा अन्तर्राष्ट्रिय परिसरमा समेत प्रभाव पार्न सक्षम बन्दै गइरहको अवस्था छ ।

आदिवासी आन्दोलनको दवावाको कारण सन् १९७१ मा संयुक्त राष्ट्र संघीय आर्थिक तथा सामाजिक परिषद्ले अल्पसंख्यकहरुलाई विभेदबाट रोक्न र सुरक्षा गर्न राष्ट्र संघीय उपआयोगको गठन गरेको थियो । सन् १९७७ मा जेनेभामा भएको आदिवासीको गैरसरकारी संस्थाको सम्मेलनमा १५ देशका ६० जति आदिवासी समुदायको सहभागिता थियो । यसले आदिवासीको मानवअधिकार उल्लंघनका घटना हर्न संस्था स्थापना गर्न सिफारिस गरेको थियो । सन् १९८१ देखि १९८३ मा विशेष समाधिक्षक मार्टिनेजको कोबोको अध्ययन टोलीले काम गरेको थियो सन् १९८१ देखि १९८३ मा विशेष समाधिक मार्टिनेजको कोबोको अध्ययन टोलील काम गरेको थियो । सन् १९८२ मा आदिवासी जनजातिहरुका लागि राष्ट्रसंघीय कार्य समूह (UNWGIP) गठन भयो । सन् १९८५ मा आदिवासी जनजातिहरको अधिकार सम्बन्धी मस्यौदा घोषणापत्र तयार भयो । सन् १९८६ मा महासन्धि नं. १०७ परिमार्जन गर्न अन्तर्राष्ट्रिय श्रम संगठनका विशेषज्ञहरुको बैठक भयो । सन् १९८९ मा अन्तर्राष्ट्रिय श्रम संगठनको जनजाति सम्बन्धी महासन्धि नं. १६० पारित गरी आदिवासी जनजातिको फरक र विशिष्ट पहिचानलाई स्वीकार गरेको थियो । सन् २००० को जुलाई सम्ममा महासन्धि नं. १६९ लाई १४ वटा देशबाट अनुमोदन भएको थियो । हालसम्म नेपाल लगायत २० देशले अनुमोदन गरिसकेका छन् ।

सन् १९९३ मा विश्व आदिवासी वर्षको घोषणा भयो र मस्यौदा घोषणापत्र संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद्ले अल्पसंख्यकलाई विभेदबाट रोक्न र सुरक्षा गर्न राष्ट्रसंघीय उपआयोगमा प्रस्तुत गरेको थियो । सन् १९९४ मा मस्यौदा घोषणापत्रलाई अनुमोदन गरी मानव अधिकार आयोगमा पेस भयो । सन् १९९५ देखि सन् २००४ सम्म विश्व आदिवासी दशकको घोषणा भयो । सन् १९९५ सम्ममा राज्यले घोषणापत्रलाई स्वीकार गर्न इन्कार गरेपछि आदिवासी आन्दोलनको दशकको कारण राज्यहरु बीच भएका घोषणा पत्रको छलफलमा आदिवासी जनजातिको प्रतिनिधिलाई सामेल गरी विचार सुन्ने परम्पराको थालनी भयो । जुन २९, २००६ मा बसेको पहिलो बैठकले आदिवासी जनजातिका अधिकारको संयुक्त राष्ट्र संघीय मस्यौदा घोषणालाई पारित गरेको थियो ।

हाल नेपालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापित भए आफ्नो उद्देश्य नीति तथा कार्यक्रम अनुरुप, स्वायत्त संस्थाको रुपमा स्थापित भइसकेको छ । प्रतिष्ठानले आदिवासी जनजाति समुदायको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी आदिवासी जनजातिको सर्वाङ्गीण विकास गर्ने, आदिवासी जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने र आदिवासी जनजातिको परम्परागत सीप,

प्रविधि र विशिष्ट जानकरीको संरक्षण र प्रवर्द्धन गरी त्यसलाई व्यावसायिक प्रयोगमा ल्याउन सहायता पुऱ्याउने उद्देश्य लिएको छ । साथै विपन्न आदिवासी जनजाति समुदायबीच सुमधुर सम्बन्ध, सद्भाव र सामञ्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी जनजातिलाई सद्भावी उद्देश्य लिइ नेपालको अन्तरिम संविधान २०६३ को भावना अनुरुप बहुभाषिक, बहुजातीय राष्ट्रिय धार निर्माण गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरेको छ ।

## २.४ सबैका लागि शिक्षाका प्रयासहरु

शिक्षा भन्ने कुरा दुवै एक विशेष वर्गको लागि मात्र नभएर सम्पूर्ण व्यक्तिको लागि आवश्यक शिक्षाको ज्योति बिना न त व्यक्तिको नत समाजको नकी राष्ट्रको नैं विकास सम्भव छ । त्यसकारण देशको समानुपातिक विकासका लागि शिक्षा एक अपरिहार्य र अनिवार्य शर्त हो । "सबैका लागि शिक्षा" भन्ने सन् १९९० मा थाईल्याण्डको जोमटिन सम्मेलन र सन् २७०० को अप्रिल २६/२७ मा सेनेगलको डकारमा भएको सम्मेलनमा नेपालले जनाएको प्रतिबद्धताको फलस्वरुप विद्यालय जाने उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गराउन बृहत रुपमा विभिन्न कार्यक्रम सञ्चालन भए पनि १६% बालबालिकालाई अझै विद्यालयमा ल्याउन सकिएको छैन । अझ दलित र जनजातिको अवस्था त निकै नै तल रहेको छ । भर्ना भएका मध्ये पनि विद्यालय छाड्ने, दोहोऱ्याउनमा यिनीहरुकै संख्या बढी हुने गरेको छ (सेरिड, १९९७: ४८) ।

सन् १९९० को दशकबाट औपचारिक रुपमा थालनी भएको सबैको लागि शिक्षाको उपलब्धिको पुनरावलोकन गर्न सन् २००० मा डकारमा "सबैका लागि शिक्षा" विषयक विश्व शिक्षा मञ्चको बैठकबाट घोषित कार्यक्रमका रुपमा आएको यो अभियानमा विश्वले प्रतिबद्धता जाहेर गरेको छ । सबैका लागि शिक्षा नामक डकार कार्य ढाँचाले समाहित शिक्षालाई बढी प्राथमिकता दिएको छ । यसले भाषिक दृष्टिकोणले र विकासका दृष्टिकोणले सीमान्तकृत अवस्थामा रहेका र विद्यालयबाट छुटेका वा विद्यालयले समेट्न नसकेका बालबालिकाहरुलाई सम्बोधन गर्ने गरी सिकाइलाई प्राथमिकता दिन्छ । समाहित शिक्षा विभिन्न समस्याहरुलाई सम्बोधन गर्ने एउटा मुख्य आधार हो । यसमा कुनै जात भनी छुट्याएको हुँदैन । विद्यालयबाट बाहिरिएका र सीमान्तकृत बालबालिकाहरुको मुद्दालाई सम्बोधन गर्नका लागि सन् २००० को सबैका लागि शिक्षा डकार कार्य ढाँचाले विशेष प्राथमिक दिएको पाइन्छ । EFA को आधारभूत सिद्धान्त भनेको सबै बालबालिकाहरुले अध्ययन गर्न पाउनु पर्छ भन्ने हो । त्यस्तै गरी समाहित शिक्षाको आधारभूत सिद्धान्त भनेको सबै बालबालिकाहरुले सँगै बसेर सिक्ने अवसर पाउनु पर्छ भन्ने हो । "The fundamental principal of EFA is that all children should have the opportunity to learn on the other hand the fundamental principle of incusive educaiton is that all children should have oportunity to learn together".

सबैलाई शिक्षा पुऱ्याउने EFA को लक्ष्य पूरा गर्नका लागि समाहितलाई आधारभूत दर्शनको रुपमा लिइनुपर्छ । सबैलाई शिक्षा दिनका लागि समाहित शिक्षालाई यूनेस्कोले मार्गदर्शनको रुपमा प्रयोग

गरेको पाइन्छ । आफ्नो १६० औं कार्यकारिणी बोर्डमा यूनेस्कोका कार्यकारी निर्देशकले सिमान्तकृत र छुटेका (Excluded) समूहलाई शिक्षा प्रदान गर्नुलाई यूनेस्कोको आन्तरिक भागको रुपमा लिएको पाइन्छ । जसले गर्दा संगठनमा महत्वपूर्ण योगदान दिन सकिन्छ । समाहित शिक्षामा आ-आफ्नो क्रियाकलापहरु वृद्धि गर्नका लागि यूनेस्कोका लक्ष्यहरु निम्नानुसार छन् :

- शिक्षामा सबै किसिमका पद्धतिहरुको विकास गर्ने जसले सीमान्तकृत तथा शिक्षाबाट बाहिरिएका समूहहरुलाई शैक्षिक गतिविधिहरु समाहित गर्ने कुरालाई प्राथमिक दिएको छ ।
- समाहित शिक्षातर्फ लक्षित विविध रणनीतिहरु तयार गर्नका लागि नीति निर्माण र प्रणाली व्यवस्थापनमा सहयोग पुऱ्याउने गरी क्षमताहरुको विकास गर्ने ।
- हालसालै सीमान्तकृत बनेका र शिक्षाबाट बाहिरिएका (Excluded) समूहको चासोलाई अगाडि ल्याउने ।

विश्वका विभिन्न देशका ठूलो संख्यामा बालबालिकाहरु अझै पनि विद्यालयमा आउन सकिरहेका छैनन् भने अर्को तर्फ कतिपय बालबालिकाहरु विद्यालयमा आएता पनि उनीहरुले अर्थ पूर्ण सिकाइमा सहभागिता जनाउन सकिरहेका छैनन् । सबै बालबालिकाले शिक्षा पाउने उनीहरुको जन्म सिद्ध अधिकारलाई संरक्षण गर्दै बालबालिकामा रहेका वैयक्तिक भिन्नतालाई स्विकार एवम् सम्मान गर्दै तिनलाई सम्बोधन गर्ने सिकाई संस्कृतिको विकास गर्न नसकेसम्म देशले अपेक्षा गरेको सबै बालबालिकाहरुलाई शिक्षा सम्भव हुँदैन । बालबालिका अनुकुलको सिकाइ वातावरण तयारगर्ने सिलसिलामा विद्यालयले अपनाउनु पर्ने सजगता, योजनामा सम्बोधन गर्नुपर्ने विषयवस्तु कार्यक्रम कार्यान्वयनमा हुनुपर्ने स्थानीय समुदायको स्वामित्व र सहभागिता र सबैले अपनत्व महशुस गर्ने कुनै पनि भेदभाव रहित स्वागत योग्य विद्यालय वातावरण विकास गर्नका लागि समाहित शिक्षाको धारणा आएको पाइन्छ । यसले सबै बालबालिकाहरुलाई विद्यालय पुऱ्याउनुपर्छ भन्ने मान्यता राख्दछ ।

यसै गरी समाहित शिक्षा भन्दा पनि जनजातिहरुलाई मातृभाषामा शिक्षाको आवश्यकता किन छ ? भन्ने प्रसंगमा कुनै पनि बालबालिकाको शैक्षिक क्षमताको अभिवृद्धि र भाषिक क्षमताको विकास अति महत्वपूर्ण पक्षका रुपमा रहेका छन् । मातृभाषामा शिक्षा दिनाले विभिन्न समाजमा भएको सांस्कृतिक विविधतालाई जोगाइ स्थानीय परिवेश र वातावरणलाई उद्घाटन गर्न सांस्कृतिक सक्षमताको विकास गर्न, भाषा तथा लिपिको संरषण गर्न जातीय पहिचानका लागि हुने द्वन्द्व घटाउन मद्दत गर्ने भएकाले मातृभाषाको महत्व शिक्षामा दिन प्रतिदिन बढेर गएको छ । मातृभाषी शिक्षाको आवश्यकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- विद्यार्थीलाई विद्यालयमा घुलमिल हुन र विद्यालय छाड्ने प्रवृत्ति कम गरी साक्षरता% वृद्धि गर्न ।
- शिक्षण सिकाइ क्रियाकलापलाई सहज र सरल तरिकाबाट सञ्चालन गर्न ।
- सिकेका कुराको अनुभव हस्तान्तरण गर्न सजिलो पार्न ।

- फरक पृष्ठभूमि (भाषा, संस्कृति) भएका बालबालिकामा आपसी सद्भाव सहकार्य वृद्धि गर्नका लागि ।
- एउटै विद्यालयमा पनि विभिन्न मातृभाषी कक्षाको व्यवस्था गर्न,
- सामाजिकरण प्रक्रियालाई अरु थप गतिशील पार्न,
- शिक्षालाई सबैको पहुँच योग्य बनउनको लागि,
- सांस्कृतिक विविधतालाई जोगाउन,
- धनी र गरिबको बीचका खाल्डो कम गर्न,
- जातीय पहिचानका लागि हुने द्वन्द्व घटाउन,
- मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) अनुसार प्रत्येक नागरिकहरुले आफ्नो मातृभाषामा शिक्षा पाउने नैसर्गिक अधिकार बमोजिम अल्पसंख्यक मातृभाषीहरुप्रति सम्मान प्रकट गर्न ।
- गुणस्तरीय शिक्षाको लागि बालबालिकाहरुले मातृभाषामा शिक्षा पाउने सबैभन्दा राम्रो आधारलाई प्रदान गर्नका लागि ।
- सबैका लागि शिक्षा (EFA-Education for all) का लक्ष्य पूरा गर्न ।
- बालबालिकहरुको बहुसांस्कृतिक तथा बहुभाषिक पहिचानको संरक्षण र बहूभाषिक तथा बहुसांस्कृतिक समाजप्रति सकारात्मक धारणाको विकास गर्न, (शिक्षामा विविधताका लागि पाठ्यक्रम)

## २.५ सम्बन्धित अध्ययनहरुको पूनरावलोकन

यस अध्ययनसँग सम्बन्धित अध्ययनबाट विभिन्न व्यक्तिहरु, संघसंस्थाहरुले गरेका अध्ययनबाट आएका कुराहरुलाई यस प्रकार उल्लेख गरिएको छः

अधिकारी (२०५६) ले जनजाति दृष्टिकोणका बारेमा अध्ययनमा विभिन्न ढंगबाट जनजातीय दृष्टिकोण प्रस्तुत गरेका छन् । उत्पत्तिको बारेमा भनिएका विभिन्न भनाइहरुलाई समाविष्ट गरेका छन् । जनजातिहरुले आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक, भाषिक, धार्मिक र प्रशासनिक पक्षपात आदिले गर्दा समस्या भोग्नु परेको कुरा उल्लेख गरेका छन् ।

पाण्डे (२०६०) अनुसार आदिवासी जनजातिहरु सोझा साझा प्रवृत्तिको शान्ति प्रिय स्वभावका भएका हुँदा विस्तारै उनीहरु शासन सत्ताबाट बाहिर रहन मन पराउन थाले र उक्त स्थानमा ब्राह्मण, क्षेत्रीहरुलाई आउन आग्रह गर्न थाले । जसका कारण आज सम्म पनि आदिवासी जनजातिमा शासन चलाइ रहेका छन् र उनीहरु अझै शोषित छन् ।

भट्टराई (२०६१) का अनुसार बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरुमा कमजोर आर्थिक अवस्था, विद्यालय पोशाक, भर्नाशुल्क, स्टेशनरी किन्ने पैसाको अभाव, लैंगिक विभेद, छिटो विवाह गरिदिने चलन, आवश्यक परेको बेलामा रुपैया, पैसा, सापटी पाउन गाह्रो हुनु, शिक्षाबाट

तुरुन्त फाइदा नपुग्नु महँगो पाठ्यपुस्तक, घरपरिवारमा शैक्षिक वातावरण नहुनु आदिलाई समेटिएको छ ।

पोखेल (२०६२) ले सुकुम्बासी बालबालिकाहरुको प्राथमिक विद्यालयमा सहभागिता कस्तो रहेको छ । ती बालबालिकाहरु विद्यालय उपस्थित कम हुनु, कक्षा दोहोऱ्याउनु, अधिकांश बालबालिका विद्यालयमा सहभागी नहुनु पढ्दा पढ्दै बीचैमा विद्यालय छाड्नुका कारणहरुको अध्ययन गरेकी छिन् । सुकुम्बासी बालबालिका विद्यालय जानका लागि बाधक रहेका तत्वहरु (आर्थिक, घरायसी, बारम्बार असफलता, स्वास्थ्य समस्या आदि पत्ता लगाई समस्या समाधानका उपायहरुमा सुकुम्बासीलाई जग्गाको व्यवस्था, छात्रवृत्ति, पोशाकको व्यवस्था, शैक्षिक जनचेतना आदि गर्नुपर्ने कुरा पत्ता लगाएकी छिन् ।

भट्टराई (२०६१), ले बालबालिकाहरु औपचारिक शिक्षा लिनका लागि लिम्बुजातिको सामाजिक, सांस्कृतिक र आर्थिक परिपाटीहरु सहयोगी वा वाधक छन् भन्ने बारेमा अध्ययन गरी सामाजिक, आर्थिक र सांस्कृतिक पक्षले बालबालिकाको औपचारिक शिक्षा लिनमा बाधा पुऱ्याइरहेका छन् भन्ने कुरा पत्ता लगाएका छन् । साथै लिम्बु बालबालिकाहरुलाई विद्यालयमा नियमितता गराउने उपायहरु विद्यालय समय परिवर्तन गर्नुपर्ने बढी भन्दा बढी छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने शिक्षालाई निःशुल्क बनाउनुपर्ने, मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ आदि पत्ता लगाएका छन् ।

अधिकारी (२०६२) ले प्राथमिक विद्यालय जाने तामाङ बालबालिकाको सहभागिता सम्बन्धी अध्ययनमा तामाङ छात्रछात्रा अन्य छात्रछात्राको तुलनामा कम सहभागिता भएको पत्ता लगाएकी छिन् । उनले प्राथमिक विद्यालयमा तामाङ बालबालिकाको कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने स्थिति अन्य जातिको तुलनामा निकै बढी रहेको साथै त्यसो हुनुको कारणहरुमा जातिगत अन्धविश्वास, घरमा शैक्षिक वातावरण नहुनु, आर्थिक कारण, सामाजिक कारण, परीक्षामा बारम्बार असफलता, छोरीमा भेदभाव, विद्यालय समय नमिलेर आदि पत्ता लगाएकी छिन् । तामाङ बालबालिकालाई शिक्षामा बढी सहभागिता गराउने उपायहरुमा आर्थिक सहयोग गर्नुपर्ने, अभिभावकहरुमा जनचेतना जगाउनु पर्ने, मातृभाषामा शिक्षाको व्यवस्था, छात्रवृत्तिको व्यवस्था पोशाकको व्यवस्था, गाउँमा शिशु स्याहार केन्द्रको स्थापना गर्नुपर्ने आदि खोजी गरेकी छिन् ।

CERID (1988) द्वारा प्रस्तुत प्रतिवेदनमा पिछडिएका समुदायका केटाकेटीले विद्यालय छाड्ने कारण प्रस्तुत गरेको छ । बालबालिकाले विद्यालय छाड्ने कारणहरु विद्यालयको वातावरण उचित नहुनु, शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित नहुनु कमजोर स्वास्थ्य, कुपोषणबाट पीडित हुनु, शिक्षाबाट तुरुन्तै फाइदा नपाउनु, श्रव्य-दृश्य सामग्रीहरुको कमी, उपलब्धि नहुनु आदि पक्षलाई समेटिएको छ ।

CERID (1990) का अनुसार नेपालको पिछडिएको समुदायका मानिसहरुको शैक्षिक स्थिति देखाइएको छ । परिवारको कमजोर सामाजिक, आर्थिक अवस्था, अशिक्षाको कारणबाट प्राथमिक विद्यालय तहमा बालबालिकाको शैक्षिक सहभागिता बढाउन सकिएको छैन । यस्ता सामाजिक, आर्थिक, सांस्कृतिक तत्वहरुमा छिटो विवाह, अभिभावकहरुको शिक्षा प्रतिको सकारात्मक धारणाको विकास नहुनु र विद्यालयसँगको सम्बन्ध आदि रहेको छ ।


विष्ट (२०३०) कुमाल भाषालाई तिब्बति बर्मेली परिवारको भाषा तिब्बत बर्मेली भाषा परिवारकै भाषा यिनीहरु बोल्दछन् भन्ने कुरा उल्लेख गरेका छन् ।

शर्मा (२०४३) का अनुसार माटाका भाँडाहरु बनाउने व्यवसाय अँगालेका हुनाले यिनीहरुलाई कुमाल भनिएको हो । कुमाल शब्दको व्युत्पत्ति प्रक्रियाबाट स्पष्ट हुन्छ । कुमाल शब्द संस्कृत भाषाको 'कुम्भकार' शब्दबाट आएको हो । जसको अर्थ हुन्छ माटोको भाँडो बनाउने तर पछि त्यो शब्द अपभ्रंश भई (कुम्हार) अन्त्यमा कुम्हाल वा कुमाल भएको छ । संस्कृत भाषामा माटाको भाँडालाई (कुम्भ) र त्यसको निर्माणकर्तालाई 'कुम्भकार' भनिन्छ ।

माथि उल्लेखित सम्पूर्ण अध्ययनको साहित्यिक समिक्षाबाट यस अध्ययनका विभिन्न पक्षहरु छनोट र लेखन कार्यको लागि मार्गनिर्देशन हुनेछ ।

## २.६ अवधारणात्मक ढाँचा

कुमाल जातिका बालबालिकाहरुको शैक्षिक अवस्था सम्बन्धी जानकारी पहिचान गर्न निम्न लिखित ढाँचामा गरिएको थियो ।




माथि उल्लेखित अवधारणात्मक ढाँचामा "कुमाल बालबालिकाहरुको शैक्षिक अवस्था" शीर्षकमा मुख्य अङ्गहरु सहभागिता, उपलब्धि स्तर, विद्यालय छोड्नेको कारक तत्वहरुको बारेमा प्रतिक्रिया, विद्यालय शिक्षाको सान्दर्भिकताबारे अभिभावकको धारणा, शिक्षाका लागि गरिएको प्रंयासहरु र शैक्षिक व्यवस्थापनका उपायहरु रहेको छ ।

## परिच्छेद : तीन
## अध्ययन विधि

अध्ययन विधि भनेको आफूले छनोट गरेको अध्ययनको शीर्षक अन्तर्गत रहेका विविध कार्यहरुलाई कसरी अगाडि बढाउने वा सञ्चालन गर्ने भन्ने कुराको योजना बनाउनु हो । यसले अध्ययनलाई उपयुक्त लक्ष्य हासिल गर्न मार्गदर्शन गर्दछ ।

### ३.१ अनुसन्धानको ढाँचा

भरपर्दो प्रभावकारी र वास्तविक सूचना प्राप्तिको लागि के कस्ता स्रोत र साधन प्रयोग गर्ने र ती स्रोत र साधनलाई कसरी प्रयोग गर्ने कुन कुन उद्देश्य प्राप्तिको निमित्त के कस्ता स्रोत र साधनहरु आवश्यक पर्न सक्छन् भनी पूर्व निर्माण गरिएका ढाँचालाई अनुसन्धान ढाँचा भनिन्छ । यो अनुसन्धान गुणात्मक ढाँचामा आधारित थियो । त्यसैले मैले पनि अनुसन्धानका लागि तीनवटा उद्देश्यहरु निर्माण गरी उद्देश्य अनुसारको प्रश्नावली निर्माण गरी दुईवटा विद्यालयमा गई शिक्षक, विद्यार्थीसँग अन्तर्वार्ता प्रश्नावली भरियो । त्यसैगरी घरधुरी सर्वेक्षण, अगुवा अभिभावकसँग अन्तर्वार्ता प्रश्नावली भरी सूचना सङ्कलन गरिएको थियो र यो सूचनाहरुलाई वर्णनात्मक विधिद्वारा विश्लेषण र व्याख्या गरिएको थियो ।

### ३.२ अध्ययन जनसंख्या र नमूना छनोट

यस अध्ययनको लागि आवश्यक पर्ने सूचनाहरु एवं तथ्याङ्कहरु सजिलोसँग, गहिराईसम्म पुगेर सङ्कलन गर्न सकियोस् भनी निम्न स्थान, विद्यालय र व्यक्तिहरुको छनोट गरिएको थियो।

#### ३.२.१ अध्ययन क्षेत्रको छनोट

कुमाल जातिहरु बसोबास गर्ने जिल्लाहरु मध्ये धादिङ पनि एक हो । धादिङ जिल्लामा पनि विभिन्न गा.वि.स. मा कुमाल जातिहरुको बसोबास रहेको भएता पनि स्रोत, साधन, समय र सुविधाको हिसावमा मैले मुरली भञ्ज्याङ्ग गा.वि.स. को वडा नं. ३ मा बसोबास गर्ने कुमालहरुको शैक्षिक अवस्था कस्तो रहेको छ भनी अनुसन्धान गर्न खोजेकी थिए किनकी यसै गा.वि.स.लाई छनोट गर्नुको कारण मलाई पायक पर्ने भएको हुनाले अनुसन्धान कार्यमा सहज हुन्छ भन्ने आधारमा लिएको थिए ।

#### ३.२.२ विद्यालय छनोट

उद्देश्यमूलक नमूना अन्तर्गत कुमाल बालबालिकाहरुको विद्यार्थीको शैक्षिक अवस्था तथा उपलब्धी सम्बन्धी विस्तृत तथ्याङ्क सङ्कलन गर्नका लागि त्यस गा.वि.स.मा रहेका विद्यालयहरु मध्ये कुमाल समुदायमा पर्ने विद्यालयहरु (श्री गायत्रीदेवी प्रा.वि. र श्री रत्नदेवी प्रा.वि.) लाई नमूना विद्यालयको रुपमा छनोट गरिएको थियो ।

### ३.२.३ घरधुरी छनोट

मुरली भञ्ज्याङ गा.वि.स.का प्राथमिक तहमा अध्ययनरत कुमाल बालबालिकाहरुको शैक्षिक अवस्था सम्बन्धी विस्तृत तथ्याङ्क सङ्कलन गर्नका लागि यसै गा.वि.स. वडा नं. ३ का सम्पूर्ण कुमाल घरधुरीलाई छनोट गरिएको थियो ।

### ३.२.४ अभिभावक छनोट

अन्तर्वार्ता गर्नका लागि उद्देश्यमूलक नमूना छनोट विधिद्वारा स्थानीय अगुवा कुमाल अभिभावकहरु १० जनालाई प्रश्नावली गर्ने भनिएकोमा ६ जनामा भेटिएकोले ६ जनालाई मात्र नमूनाको रुपमा छनोट गरिएको थियो ।

### ३.२.५ शिक्षक छनोट

अध्ययन विषयसँग सम्बन्धित सूचना एवं तथ्याङ्क सङ्कलन गर्न अन्तर्वार्ताका लागि उद्देश्यमूलक नमूना छनोट विधिद्वारा दुवै विद्यालयका सम्पूर्ण शिक्षकहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो ।

### ३..२.६ विद्यार्थी छनोट

समूह छलफलका लागि श्री रत्नदेवी प्रा.वि. र श्री गायत्री प्रा.वि. का कक्षा पाँचका विद्यार्थीहरुलाई उद्देश्यमूलक नमूना छनोट विधिद्वारा छनोट गरिएको थियो । किनकी दुवै विद्यालयका कक्षा १-५ सम्मका विद्यार्थीहरुलाई समूह छलफल गराउन असम्भव भएकोले कक्षा ५ का विद्यार्थीहरुलाई मात्र लिइएको थियो ।

**तालिका नं. २**

**कक्षा पाँचको विद्यार्थी संख्या**

विद्यालयको नाम

| श्री रत्नदेवी प्रा.वि. | | | गायत्री देवी प्रा.वि. | | |
|---|---|---|---|---|---|
| छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १४ | १६ | ३० | १७ | १४ | ३१ |

स्रोतः हाजिरी कपी ।

### ३.३ अध्ययन साधनहरुको निर्माण

अध्ययनको विषयसँग सम्बन्धित सूचनाहरु सङ्कलन गर्न निम्न साधनहरुको निर्माण गरिएको थियो ।

### ३.३.१ विद्यालय विवरण फाराम

कुमाल बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति पहिचान गर्न, विद्यालय भर्ना अन्तर्गत खुद भर्नादर, छात्र, छात्रा भर्ना अनुपात, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने विद्यार्थी, शैक्षिक उपलब्धि, विद्यालय हाजिरीका विद्यालय उपस्थिति आदि सूचना सङ्कलन गर्न विद्यालय विवरण फाराम निर्माण गरिएको थियो ।

### ३.३.२ घरधुरी सर्वेक्षण फाराम

कुमाल अभिभावकहरुको पारिवारिक, शैक्षिक अवस्था, विद्यालय शिक्षा प्रतिको धारणा, विद्यालयमा बालबालिकाहरुको भर्ना गरेका वा नगरेका, विद्यालयमा पढ्न वञ्चित गराइएका वा विद्यार्थीहरुलाई पढ्दा पढ्दै रोकेका आदि बारेमा सूचना सङ्कलन गर्न घरधुरी सर्वेक्षण फाराम निर्माण गरिएको थियो ।

### ३.३.३ शिक्षकका लागि संरचित प्रश्नावली फाराम

कुमाल बालबालिकाको विद्यालय सहभागिता हाजिरी, नियमितता, गृहकार्य, कक्षा सक्रियता, अति रिक्त क्रियाकलापमा सहभागिता, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने कुमाल बालबालिकाहरुको शिक्षाका लागि गरिएका प्रयासहरु, शैक्षिक व्यवस्थापनका उपायहरु, बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु सम्बन्धी सूचनाहरु सङ्कलन गर्न शिक्षकका लागि संरचित प्रश्नावली निर्माण गरिएको थियो ।

### ३.३.४ अभिभावकहरुका लागि संरचित प्रश्नावली फारम

बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति, विद्यालय नजानाका कारणहरु, विद्यालय छाड्नुका कारणहरु, कक्षा दोहोऱ्याउने कारणहरु, शैक्षिक उपलब्धि, शिक्षाका लागि गरिएका प्रयासहरु, शैक्षिक व्यवस्थापनका तरिकाहरु सम्बन्धी सूचनाहरु सङ्कलन गर्नका लागि स्थानीय अगुवा कुमाल अभिभावकहरुका लागि संरचित प्रश्नावली निर्माण गरिएको थियो ।

### ३.३.५ विद्यार्थी समूह छलफलको लागि प्रश्नावली

विद्यालय सहभागिता, नियमितता, कक्षा सक्रियता अतिरिक्त क्रियाकलाप सहभागिता, कक्षा छाड्ने कारणहरु, कक्षा दोहोऱ्याउने कारणहरु, शैक्षिक उपलब्धिमा असर पार्ने तत्वहरु, बालबालिकाहरुले पाएका सुविधाहरु, विद्यालयमा सहभागिता बढाउन गर्न सकिने उपायहरु सम्बन्धमा सूचनाहरु सङ्कलन गर्नका लागि विद्यार्थी समूह छलफलको लागि असंरचित प्रश्नावली निर्माण गरिएको थियो ।

## ३.४ साधनको वैधता निर्धारण

अध्ययन कार्यका लागि निर्माण गरिएका साधनहरुलाई उपयुक्त साधनहरुको वैधता निर्धारण गरिएको थियो । यसका लागि अध्ययनकर्ताले निर्माण गरेका साधनहरुलाई आफ्नो शोध निर्देशकको राय, सल्लाह र सुझावको आधारमा परिमार्जन गरी साधनहरुलाई अन्तिम रुप दिइएको थियो ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

सम्बन्धित तथ्याङ्क सङ्कलन गर्न निर्माण गरिएका साधनहरु लिएर अध्ययन कर्ता आफ्नो अध्ययन क्षेत्रमा स्वयं उपस्थित भई सूचना सङ्कलनका साधनहरुको प्रयोग गरी आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । तथ्याङ्क सङ्कलनका लागि अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण घरधुरीमा पुगि अभिभावकहरुको अनुमतिमा सर्वेक्षण फारम भरियो । त्यस्तै गरी विद्यालयमा गई प्र.अ. सँगको अनुमतिमा, कक्षा शिक्षक सँगको अनुमति मा विद्यालय विवरण फारम भरियो, शिक्षकहरुसँग अन्तर्वार्ता प्रश्नावली गरिएको थियो, विद्यार्थीहरुलाई सामूहिक छलफल सञ्चालन गरिएको थियो । त्यस्तै गरी अभिभावकहरुसँग पनि उनीहरुको सहमतिमा अन्तर्वार्ता प्रश्नावलीबाट आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययन कार्यको सिलसिलामा संकलित तथ्याङ्कहरुलाई सुव्यवस्थित तरिकाले उद्देश्य अनुसार तालिकीकरण गरिएको थियो । यसरी तालिकीकरण गर्दा विभिन्न पक्षलाई अलग अलग शीर्षक छुट्याइएको थियो । तथ्याङ्कशास्त्रका सामान्य विधिहरु प्रयोग गरी संकलित तथ्याङ्कको% निकाल्ने, औसत निकाल्ने तथा वृत्तचित्र बनाउने कार्य पनि गरिएको थियो । यसरी प्राप्त भएका% विश्लेषण गरी अध्ययनको निष्कर्ष निकाल्ने कार्य गरिएको थियो ।

# परिच्छेद : चार

# तथ्याङ्कको विश्लेषण तथा व्याख्या

यस अध्ययन कुमाल बालबालिकाहरुको लागि शैक्षिक स्तर पहिचान गर्न, कुमाल बालबालिकाहरुको विद्यालय सहभागिताको अवस्था एवं कुमाल बालबालिकाहरुको शिक्षाका लागि गरिएका प्रयासहरुको लेखाजोखा गर्नको लागि धादिङ जिल्ला मुरलीभञ्ज्याङ गा.वि.स. वडा नं. ३ का कुमाल बालबालिकाहरुको अध्ययन गरिएका थियो । अध्ययन क्षेत्रबाट टिपोट गरिएका सूचनाहरु एवं अभिलेखबाट प्राप्त तथ्याङ्क एवं सूचनाहरुलाई निम्नानुसार विश्लेषण तथा व्याख्या गरिएको छ ।

## ४.१ जनसाङ्ख्यिक स्थिति

अध्ययन क्षेत्र मुरलीभञ्ज्याङ गा.वि.स. मा जनसंख्याको अवस्था कस्तो छ ? भनी बुझ्नको लागि गरिएको सर्वेक्षणमा जम्मा ११५४ घरधुरी रहेको पाइयो । जनसंख्या ८६०४ जनामा महिला ४१९३ जना पुरुष ४४११ जना रहेको पाइयो । अध्ययन क्षेत्र यसै गा.वि.स. वडा नं. ३ मा जम्मा जनसंख्या ११८८ जनामा महिला ५८२ जना, पुरुष ६०६ जना रहेको पाइयो । (Village Profile, 2065) भने कुमाल घरधुरी ६३ रहेकोमा कुल जनसंख्या ३०० मा महिला १५६ जना र पुरुष १४४ जना रहेको घरधुरी सर्वेक्षणले देखायो ।

## ४.२ कुमालहरुको शैक्षिक स्थिति

अध्ययन अनुसन्धानको क्रममा कुमाल बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थिति थाहा पाउनका लागि अध्ययन मुरलीभञ्ज्याङ गा.वि.स. वडा नं. ३ का सम्पुर्ण घरधुरी सर्वेक्षण फाराम भरिएको थियो । अध्ययन क्षेत्रका बालबालिकाहरुको अध्ययन गरी रहेका २ वटा विद्यालयमा गई विद्यालय सर्वेक्षण भरिएको थियो । अभिभावक, शिक्षक एवं विद्यार्थी सँगको अन्तर्वार्ता प्रश्नावली छलफलद्वारा पनि सूचनाहरु एवं तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । यी विभिन्न श्रोत र साधनहरुबाट प्राप्त सूचना एवं तथ्याङ्कहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ३**

**अध्ययन क्षेत्रका कुमाल जातिको जनसंख्या र शैक्षिक स्थिति**

| शैक्षिक स्थिति | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ५२ | २६.११ | ८० | ५१.२८ | १३२ | ४४.० |
| साक्षर | ३ | २.०८ | ४ | २.५६ | ७ | २.२३ |
| आधारभूत शिक्षा | ७५ | ५२.०८ | ६१ | ३९.१० | १३६ | ४५.३३ |
| माध्यमिक शिक्षा | १२ | ८.३३ | ९ | ५.७६ | २१ | ७.०० |
| उच्च शिक्षा | २ | १.३८ | २ | १.२८ | ४ | १.३३ |
| जम्मा जनसंख्या | १४४ | ८९.९८ | १५६ | ९९.९८ | ३०० | ९९.८९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

नेपालको सन्दर्भमा हेर्नुपर्दा शिक्षा हरेक व्यक्तिको नैसर्गिक अधिकार भनिए तापनि नेपालको कुल साक्षरता २०५८ सालको जनगणना अनुसार ५३.७४% रहेको पाइयो भने कुमाल जातीहरुको साक्षरता% ३०.२२ रहेको पाइयो । माथिको तालिका अनुसार यस अध्ययनमा भने कुमालहरुको शैक्षिक स्थितिलाई हेर्नुपर्दा निरक्षर बाहेकका जति पनि शिक्षा हाँसिल गरेका छन् यसलाई साक्षरतामा समावेश गर्दा साक्षरता% ५१.०६ आएको छ । तर यस्तो नगरी शैक्षिक स्थितिलाई तहको आधारमा महिलाको र पुरुषको छुट्टाछुट्टै रुपमा वर्गीकरण गरिएको छ । यस अध्ययनमा जम्मा ३०० जना जनसंख्यामा ४४% जना व्यक्तिहरु निरक्षर रहेको, २.३३% साक्षर, ४५.३३% आधारभूत शिक्षा प्राप्त गर्ने, ७% माध्यमिक शिक्षा प्राप्त गर्ने, १.३३% उच्च शिक्षा प्राप्त गर्ने देखियो । तसर्थ समग्रमा हेर्दा आजभन्दा १० वर्ष अगाडिको साक्षरता% भन्दा अहिलेको कुमालको साक्षरता% बढेको देखियो । यस तालिका अनुसार सबैभन्दा बढी जनसंख्याले आधारभूत शिक्षा सबैभन्दा कम जनसंख्याले उच्च शिक्षा हाँसिल गरेको पाइयो भने २०५८ सालको जनगणना अनुसारको साक्षरता% भन्दा कम देखियो ।

### ४.२.१ विद्यालय जाने उमेरका बालबालिकाको शैक्षिक अवस्था

सामान्यतया विद्यालय जाने उमेर समूह भन्नाले ६ वर्ष देखि १२ वर्षसम्म भनिन्छ तर कुमालहरु पिछडिएको जनजाति भएकोले यिनीहरुको बालबालिकाहरु ५ देखि २२ वर्षसम्म विद्यालय गएको पाइयो । केही विद्यार्थीहरु छिटो अर्थात् ५ वर्ष देखिको उमेरमा विद्यालय जाने पाइएता पनि केही विद्यार्थीहरु ढिलो उमेर विद्यालय जान सुरु गरेकोले २२ वर्षको उमेरसम्म विद्यालय जाने गरेको पाइयो । यसरी यस अध्ययनको क्रममा ५ वर्ष देखिका कुमाल बालबालिकाहरु विद्यालय पढ्न जाने गरेको र २२ वर्ष सम्मका बालबालिकाले पढ्दै गरेको पाइयो । केही अभिभावकले ५ वर्षमै छोराछोरीलाई विद्यालय पढाउने गरेको त केहीले ६, ७ वर्षमा बल्ल विद्यालय पढाउने गरेको पाइयो । ५ वर्ष देखि २२ वर्ष सम्मका कुमाल

बालबालिकाहरुको उमेर अनुसार विद्यालयमा पहुँचको अवस्था हेर्दा जम्मा जनसंख्यामा आधाजति बिलबालिका विद्यालय गएको पाइयो । जसमा घरधुरी सर्वेक्षण गर्दा कुमाल गाउँमा मात्र गरिएको थियो भने कुमाल बालबालिका भने अन्य समुदायको विद्यालयमा पनि पढ्न जाने गरेकोले कुमाल जनसंख्या केही कम रहेको पाइयो । तसर्थ यसको संख्यालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. ४**

**उमेर अनुसार विद्यालयमा पहुँच, २०६९**

| उमेर | जम्मा | | | विद्यालय जाँदै गरेका | | | विद्यालय नगएका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| समूह | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ५-१० | २६ (५७.७७%) | १९ (४९.२२%) | ४५ | २५ (५५.२५%) | १६ (३५.५५%) | ४१ | १ (२.२२%) | ३ (६.६६%) | ४ |
| ११-१६ | २१ (४०.३८%) | ३१ (५९.६१%) | ५२ | १७ (३२.६९%) | २१ (४०.३८%) | ३८ | ४ (७.६९%) | १० (१९.२३%) | १४ |
| १७-२२ | २४ (४१.०६%) | २३ (४८.९३%) | ४७ | ८ (१७.०२) | ९ (१९.१४%) | १७ | १६ (३४.०४%) | १४ (२९.७८%) | ३० |
| | ७१ (४९.३०%) | ७३ (५०.६९%) | १४४ | ५० (३५.४१%) | ४६ (३१.९४%) | ९६ | २१ (१४.५८%) | २७ (१८.७५%) | ४८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार कुमाल समुदायका बालबालिकाहरु ढिलो उमेरसम्म विद्यालय भर्ना भएको हुनाले २२ वर्षसम्मका बच्चाहरु अध्ययनरत रहेको घरधुरी सर्वेक्षणबाट पाइयो । उक्त उमेर समूहमा विद्यालय जाने छात्र भन्दा छात्रा कम रहेको, विद्यालय नजानेमा छात्रभन्दा छात्रा नै बढी रहेको पाइयो । यस उमेर समूहमा महिलाहरुको विद्यालय पहुँच कमजोर देखिन्छन् ।

### ४.२.२ भर्ना संख्या

अध्ययन क्षेत्रका कुमाल बालबालिकाहरु दुवै विद्यालयमा भर्ना भएका हुँदा यी दुवै विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई एउटै तालिकामा छात्र, छात्रा छुट्याएर प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**
**प्राथमिक विद्यालयको कुमाल बालबालिकाको कक्षागत भर्ना संख्या २०६९**

| कक्षा | जम्मा | | | कुमाल बालबालिका | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २५ | १७ | ४२ | १९ (४५.२३%) | १२ (२८.५७%) | ३१ (७३.८०%) |
| २ | २९ | २२ | ५१ | १८ (३५.२९%) | १५ (२९.४१%) | ३३ (६४.७०%) |
| ३ | २५ | २३ | ४८ | १७ (३५.४१%) | १८ (३७.५०%) | ३५ (७२.९१%) |
| ४ | २७ | २३ | ५० | २१ (४२%) | १८ (३६.००%) | ३९ (७८.००%) |
| ५ | २९ | ३४ | ६३ | १७ (२६.९८%) | १८ (२८.५७%) | ३५ (५५.५५%) |
| जम्मा | १३५ | ११९ | २५४ | ९२ (३६.२२%) | ८१ (३१.८८%) | १७# (६८.११%) |

स्रोतः विद्यालय भर्ना फाइल ।

माथिको तालिका अनुसार कक्षा १ देखि ५ सम्मका जम्मा विद्यालय भर्ना भएको २५४ जनामा कुमाल बालबालिका १७३ जना रहेको पाइयो । त्यसैगरी माथिको तथ्याङ्कलाई हेर्दा अन्य जातिको विद्यार्थी भन्दा भर्ना कुमाल जातिको विद्यार्थी भर्ना संख्या राम्रो भएको पाइयो । किनकी यस अध्ययन कुमाल समुदायको विद्यालयमा गरिएको थियो भने जम्मा ३०० जना कुमाल जनसंख्या, १७३ जना बालबालिका विद्यालयमा जानु भनेको जनसंख्याको तुलनामा बढी देखियो । किनभने घरधुरी सर्वेक्षण गर्दा भु.भ.गा.वि.स. वडा नं. ३ का कुमालहरुलाई मात्र लिइएको तर कुमालहरुको अन्य वडामा पनि बसोबास रहेको पाइयो ।

### ४.२.३ औसत हाजिरी

अध्ययन क्षेत्रका कुमाल बालबालिकाहरुको विद्यालय सहभागिताको जानकारी लिनका लागि उनीहरुको हाजिरीलाई पनि हेरिएको छ । वि.सं. २०६८ सालमा कुमाल बालबालिकाहरु के कति दिन हाजिरी भएका छन् भनी कक्षागत आधारमा छात्र, छात्राको औसत हाजिरी दिनलाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका नं. ६**
**कक्षागत आधारमा कुमाल विद्यार्थीको औसत हाजिरी दिन, २०६८**

| कक्षा | औसत हाजिरी दिन | | |
|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा |
| १ | १६९% | १७१% | १७०% |
| २ | १७३% | १६८% | १७०.५% |
| ३ | १७०% | १७२% | १७१% |
| ४ | १६९% | १७२% | १७०.५% |
| ५ | १७४% | १७२% | १७३% |

स्रोतः विद्यालय रेकर्ड फाइल, २०६८ ।

माथिको तालिका अनुसार कक्षा १ का बालबालिकाका वर्षभरिका औसत हाजिरी दिन १७७, कक्षा २ को १७७.५, कक्षा ३ को १७१, कक्षा ४ को १७०.५, कक्षा ३ को १७१, कक्षा ४ को १७०.५ र कक्षा ५ को १७३ दिन रहेको पाइयो । कक्षा १ देखि ५ सम्मा सबैभन्दा कम हाजिरी कक्षा १ को बालबालिकाको र सबैभन्दा बढी हाजिरी कक्षा ५ को रहेको पाइयो ।

### ४.२.४ कुमाल बालबालिकाको सफलतादरको अवस्था

कुमाल बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्रका २ वटै विद्यालयहरुबाट आवश्यक सुचना एवं तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । दुवै विद्यालयका २०६८ सालको उपलब्धिलाई आधार मानेर सूचना एवं तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । कुमाल बालबालिकाहरुको शैक्षिक अवस्था बारे जानकारी हाँसिल गर्नको लागि उनीहरुको समग्र उपलब्धि स्तर,

उत्तीर्ण, अनुत्तीर्ण संख्या छात्र, छात्रा दुवैको छुट्टाछुट्टै रुपमा उपलब्धि स्तरलाई हेरिएको थियो । तथ्याङ्क सङ्कलन विद्यालयमा रहेका रेकर्ड फाइलबाट गरिएको थियो । यसरी प्राप्त तथ्याङ्क एवं सूचनाहरुलाई निम्नानुसार तलको तालिकामा प्रस्तुत गरी व्याख्या एवं विश्लेषण गरिएको छ ।

कुमाल बालबालिकाहरुको उपलब्धि स्तर पहिचान गर्नका लागि अध्ययन क्षेत्रमा परेका दुई वटै विद्यालयहरुबाट वि.सं. २०६८ सालको परीक्षामा कक्षा १-५ सम्मका कति छात्र छात्रा उत्तीर्ण र अनुत्तीर्ण भएका छन् भनेर तलको तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. ७**

**प्राथमिक विद्यालयको कक्षागत रुपमा कुमाल बालबालिकाहरुको उत्तीर्ण, अनुत्तीर्ण संख्या, २०६८**

| कक्षा | जम्मा विद्यार्थी | | | उत्तीर्ण विद्यार्थी | | | अनुत्तीर्ण विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | १८ | २० | ३८ | १५ (८३.३३%) | १६ (८०.१%) | ३१ | ३ (१६.६६%) | ४ (२०%) | ७ |
| २ | १८ | २४ | ४२ | १६ (८८.८८%) | २२ (९१.६६%) | ३८ | २ (११.११%) | २ (८.३३%) | ४ |
| ३ | १५ | २६ | ४१ | १३ (८६.६६%) | २४ (९२.३०%) | ३७ | २ (१३.३३%) | २ (७.६९%) | ४ |
| ४ | १८ | १६ | ३४ | १५ (८३.३३%) | १३ (८१.२५%) | २८ | ३ (१६.६६%) | ३ (१८.७५%) | ६ |
| ५ | १६ | २१ | ३७ | १३ (८१.२५%) | १८ (८५.७१%) | ३१ | ३ (१७.८५%) | ३ (१४.२८%) | ६ |
| जम्मा | ८५ | १०७ | १९२ | ७२ (८४.७०%) | ९३ (८६.९%) | १६५ | १३ (१५.२९%) | १४ (१३.०८%) | २७ |

स्रोतः विद्यालय रेकर्ड फाइल, २०६८ ।

माथिको तालिकालाई नियाल्दा २०६८ सालमा कक्षा १ देखि ५ सम्म जम्मा उत्तीर्ण भएको विद्यार्थी १६५ जनामा छात्र ७२ (८४.७०%) र छात्रा ९३ (८६.९%) रहेको पाइयो भने अनुत्तीर्ण हुने जम्मा २७ जनामा छात्र १३ (१५.२९%) र छात्रा १४ (१३.०८%) रहेको पाइयो । तसर्थ उत्तीर्ण हुनेमा छात्रभन्दा छात्राको% बढी भएको र अनुत्तीर्ण हुनेमा पनि छात्रभन्दा छात्रा १ जनाले बढी भएको पाइयो । त्यसैगरी सबैभन्दा बढी उत्तीर्ण संख्या भएको कक्षा २ मा रहेको र सबैभन्दा थोरै विद्यार्थी उत्तीर्ण भएको कक्षा ४ मा रहेको भेटियो भने अनुत्तीर्ण हुनेमा पनि सबैभन्दा कम अनुत्तीर्ण संख्या कक्षा २ र ३ मा भेटियो भने सबैभन्दा बढी अनुत्तीर्ण हुने कक्षा १ रहेको भेटियो ।

### ४.२.५ विषयगत उपलब्धि स्तर

अध्ययन क्षेत्रमा परेका दुवै विद्यालयमा अध्यनरत कुमाल र अन्य बालबालिकामा विषयगत उपलब्धि स्तरको के कस्तो रहेको छ भनेर पत्ता लगाइएको छ । जहाँ कक्षा ५ मा पढाई हुने विषयहरुमा कुमाल र अन्य विद्यार्थीहरुले औसतमा कति% अंक प्राप्त गरेका छन् भनी स्पष्ट रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ८**

**कक्षा ५ को विद्यार्थीको विषयगत उपलब्धिस्तर**

| विषय | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | कुमाल | अन्य | कुमाल | अन्य | कुमाल | अन्य |
| नेपाली | ४४% | ४६% | ४३% | ४७% | ४३.५% | ४६.५% |
| अंग्रेजी | ४७% | ४८% | ४६% | ४८% | ४६.५% | ४८% |
| सामाजिक शिक्षा क. | ५१% | ५६% | ५०% | ५४% | ५०.५% | ५५% |
| विज्ञान + स्वा. शा | ४८% | ५०% | ४६% | ४९% | ४७.०% | ४९.५% |
| गणित | ४३% | ४७% | ४२% | ४८% | ४२.५% | ४७.५% |
| ऐ. अंग्रेजी | ४९% | ५२% | ४८% | ५१% | ४८.५% | ५१.५% |
| सम्पूर्ण विषय | ४७% | ४९.८३% | ४५.८३% | ४९.४१% | ४६.४१% | ४९.६६% |

माथिको तालिका अनुसार सम्पूर्ण विषयमा जम्मा कुमाल विद्यार्थीहरु प्राप्त गरेको अंक ४६.४१% र अन्य जातका विद्यार्थीहरुले प्राप्त गरेको अंक ४९.६६% रहेको पाइयो । जहाँ कुमाल विद्यार्थीहरुको भन्दा अन्य विद्यार्थीको% राम्रो भएको देखियो । ६ वटा विषयहरु मध्ये सबैभन्दा राम्रो नम्बर सामाजिक शिक्षामा नै कुमाल र अन्य विद्यार्थीको देखिन्छ । यसैगरी यी दुवै जातको विद्यार्थीमा सबैभन्दा कम नम्बर ल्याएको विषय कुमाल विद्यार्थीले गणितमा र अन्य जातको विद्यार्थीले नेपालीमा थोरै नम्बर ल्याएको पाइयो ।

### ४.२.६ कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति

कुमाल बालबालिकाहरु ढिलो उमेरमा विद्यालय प्रवेश गर्ने र विद्यालय तहको शिक्षा पूरा नगरी बीचैमा कक्षा छाड्ने कक्षा दोहोऱ्याउने गरेको पाइन्छ । अध्ययन क्षेत्रका कुमाल बालबालिकाहरु मध्ये वि.सं. २०६९ मा कक्षागत आधारमा के कति विद्यार्थीले कक्षा छोडेका छन् ? र के कति विद्यार्थीले कक्षा दोहोऱ्याएका छन् भनी गरिएको विद्यालय सर्वेक्षणबाट आएको, प्राप्त भएको छात्र छात्राको विवरणलाई तलका तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. ९**

**कक्षागत आधारमा कुमाल बालबालिकाहरुको कक्षा छाड्ने र**

**कक्षा दोहोऱ्याउने संख्या, २०६८/६९**

| कक्षा | २०६८ सालको भर्ना संख्या | | | कक्षा छाड्ने संख्या | | | कक्षा दोहोऱ्याउने संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | १८ | २० | ३८ | – | – | – | ३ (१६.६६%) | ४ (२०%) | ७ |
| २ | १८ | २४ | ४२ | – | – | – | २ (११.११%) | २ (८.३३%) | ४ |
| ३ | १५ | २६ | ४१ | – | – | – | २ (१३.३३%) | २ (७.६९%) | ४ |
| ४ | १८ | १६ | ३४ | १ (५.५%) | – | १ (५.५%) | ३ (१६.६६%) | ३ (१८.७५%) | ६ |
| ५ | १६ | २१ | ३७ | १ (६.२५%) | – | १ (६.२५$) | ३ (१७.८५%) | ३ (१४.२८%) | ६ |
| जम्मा | ८५ | १०७ | १९२ | २ | – | २ (६.७५%) | १३ (१५.२९%) | १४ (१३.०८%) | २७ |

स्रोतः विद्यालय रेकर्ड फाइल, २०६८ ।

माथिको तालिका अनुसार २०६८ सालमा कक्षा १ देखि ५ सम्ममा जम्मा १९२ जना भर्ना भएको छात्र ८५ जना र छात्रा १०७ जना रहेको पाइयो । १९२ जना भर्ना भएकोमा कक्षा छाड्नेको संख्या कक्षा ४ बाट १ जना छात्र र कक्षा ५ बाट पनि १ जना छात्र नै रहेको पाइयो भने कक्षा दोहोऱ्याउनेमा जम्मा २८ जना रहेको पाइयो । यसमा कक्षा ५ मा धेरै जनाले कक्षा दोहोऱ्याएको र कक्षा २ बाट थोरै विद्यार्थीले मात्र कक्षा दोहोऱ्याएको माथिको तालिकाले देखाउँछ ।

## ४.३ शैक्षिक उपलब्धिबारे सरोकारवालाहरुको प्रतिक्रिया

कुमाल बालबालिकाहरुको शैक्षिक उपलब्धिको बारेमा थाहा पाउन शिक्षक, अभिभावक र विद्यार्थीहरुलाई विभिन्न प्रश्नहरु सोधिएको थियो । ती प्रश्नहरुको उत्तरको आधारमा यहाँ व्याख्या तथा विश्लेषण गरिएको छ । उनीहरुको शैक्षिक उपलब्धि स्तर कस्तो छ ? राम्रो, नराम्रो र ठिकै । सन्तोषजनक भन्ने प्रश्नमा ११ जना शिक्षक, ६ जना, स्थानीय अगुवा अभिभावक र दुवै विद्यालयका कक्षा ५ को सम्पूर्ण विद्यार्थी (६१ जना) लाई सोधिएको थियो । उनीहरुको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. १०**

**शैक्षिक उपलब्धी स्तरबारे सरोकारवालाहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षक | अभिभावक | विद्यार्थी | जम्मा |
|---|---|---|---|---|---|
| १ | राम्रो | ३ (२७.२७%) | २ (३३.३३%) | १८ (२९.५०%) | २३ (३०.०३%) |
| २ | नराम्रो | २ (१८.१८%) | १ (१६.६६%) | ५ (८.१९%) | ८ (१४.३४%) |
| ३ | सन्तोषजनक | ६ (५४.५४%) | ३ (५०%) | ३८ (६२.२९%) | ४७ (५५.६१%) |
| | जम्मा | ११ | ६ | ६१ | ७८ |

स्रोतः सरोकारवालाहरु ।

माथिको तालिका अनुसार कुमाल बालबालिकाहरुको शैक्षिक उपलब्धि राम्रो छ भने ३०.०३%, नराम्रो छ भन्ने १४.३४% र सन्तोषजनक छ भन्ने ५५.६१% सरोकारवालाहरु पाइयो । तसर्थ शैक्षिक उपलब्धिको बारेमा प्रश्न गर्दा सबै भन्दा बढी सन्तोषजनक भन्ने र सबैभन्दा कममा नराम्रो छ भन्ने जवाफ पाइयो ।

कुमाल जातिका बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर नराम्रो हुने कारणहरु के-के होलान् ? भनी शिक्षालाई सोधिएको प्रश्नमा ११ जना शिक्षकहरुबाट आएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरेर व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका नं. ११**

**शैक्षिक उपलब्धिस्तर नराम्रो हुने कारणहरु बारे शिक्षकहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षक |
|---|---|---|
| १ | शिक्षाप्रति विद्यार्थीमा सकारात्मक सोचाइको कमी | १० (९०%) |
| २ | अभिभावकमा शिक्षा सम्बन्धी चेतनाको कमी | ६ (५५%) |
| ३ | घरायसी काममा जोड दिनुपर्ने | ४ (३७%) |
| ४ | विद्यालय नियमित उपस्थित नहुनु | ६ (५५%) |
| ५ | सामाजिक विकृति | ५ (४६%) |

स्रोतः शिक्षक अन्तर्वार्ता

नोटः शिक्षकका प्रतिक्रिया एक भन्दा बढी पाइएको थियो ।

माथिको तालिका अनुसार कुमाल बालबालिकाको उपलब्धि स्तर नराम्रो हुने कारणहरुमा सबैभन्दा बढी ९०% शिक्षकले शिक्षा प्रति विद्यार्थीमा सकारात्मक सोचाईको कमी भएको बताएको पाइयो । त्यसैगरी उपलब्धि स्तर नराम्रो हुने कारणहरुमा अभिभावकमा शिक्षाको कमीमा ५५% र विद्यालय नियमित उपस्थित नहुनुमा पनि ५५%, सामाजिक विकृतिको कारण ४६% र घरायसी काममा जोड दिनुपर्ने कारणले भन्ने शिक्षक ३७% रहेको पाइयो ।

कुमाल बालबालिकाहरुको शैक्षिक उपलब्धिस्तर अझ बढाउन के गर्नुपर्ला ? उनीहरुको शैक्षिक उपलब्धिस्तर राम्रो बनाउने तरिकाहरु के के होलान् ? भनि ११ जना शिक्षकहरुलाई सोधिएको प्रश्नमा शिक्षकहरुबाट आएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या एवं विश्लेषण गरिएको छ ।

**तालिका नं.१२**

**शैक्षिक उपलब्धिस्तर राम्रो बनउने तरिकाबारे शिक्षकहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षक |
|---|---|---|
| १ | पढाईप्रति विद्यार्थीहरुले बढी चिन्तनशील हुनुपर्ने | ९ (८२%) |
| २ | दैनिक रुपमा विद्यालय उपस्थित हुनुपर्ने | ८ (७३%) |
| ३ | नियमित रुपमा पठनपाठन हुनुपर्ने | ५ (४६%) |
| ४ | विद्यार्थी लगनशील र इमान्दार हुनुपर्ने | ६ (५५%) |
| ५ | पढाईप्रति विद्यार्थीको जोस जागर सकारात्मक सोचाई हुनुपर्ने | ७ (६४%) |

स्रोतः शिक्षक अन्तर्वार्ता

नोटः शिक्षकका प्रतिक्रिया एक भन्दा बढी रहेको थियो ।

माथिको तालिका अनुसार कुमाल बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर राम्रो बनाउन विद्यार्थीहरु पढाई प्रति बढी चिन्तनशील हुनुपर्नेमा ९२%, दैनिक रुपमा विद्यालय उपस्थित हुनुपर्नेमा

७३%, नियमित रुपमा पठनपाठन हुनुपर्नेमा ४६% विद्यार्थी लगनशील र इमान्दार हुनुपर्नेमा । ५५% र पढाईप्रति विद्यार्थीको जोस जागर र सकरात्मक सोचाई हुनुपर्नेमा ६४% रहेको पाइयो । तसर्थ पढाई प्रति विद्यार्थी बढी चिन्तनशील हुनुपर्नेमा शिक्षकले बढी जोड दिइएको पाइन्छ ।

शिक्षा सम्बन्धी विद्यार्थीको धारणा के कस्तो छ ? भनी बुझ्नको लागि लक्षित समूह छलफलको लागि निर्माण गरिएको प्रश्नावलीद्वारा कक्षा ५ का सम्पूर्ण विद्यार्थीको धारणा टिपोट गरिएको थियो । लक्षित समूहलाई तिमीहरु कुन तहसम्म पढ्न चाहन्छौ ? भनी गरिएको प्रश्नमा ५०%ले एस.एल.सी. र ५०% विद्यार्थीले M.Ed. सम्म पढ्न चाहन्छौं भन्ने जवाफ दिएका थिए । तिमीहरुलाई विद्यालयमा केही समस्या आइपरेका छन् कि छैनन् ? छन् भने के के समस्याहरु आइपरेका छन् ? भनी गरेको प्रश्नमा समस्याहरु आइपरेको छ, खेल खेल्नका लागि खेलका सामग्री प्रयाप्त नहुनु र खेल मैदानको अभाव भएको सबै विद्यार्थीहरुबाट आएको थियो । त्यसैगरी तिमीहरु घरमा गएर कति घण्टा पढ्छौं ? भनी गरिएको प्रश्नमा १ देखि ११/२ घण्टा पढ्ने ७०% र २ देखि ३ घ(टा पढ्ने विद्यार्थी ३०% रहेको पाइयो । तिमीहरुलाई कुन विषय पढ्न बढी मन लाग्छ ? भनी गरिएको प्रश्नमा ७५% विद्यार्थीले गणित पढ्न मन पराउने २५%ले अन्य विषय पढ्न मन पराउने गरेको पाइयो । त्यसैगरी तिमीहरुलाई विद्यालयबाट कस्तो शिक्षा दिए राम्रो हुन्थ्यो जस्तो लाग्छ ? भनी गरिएको प्रश्नमा पढेर व्यवहारमा लागू हुने खालको, सीपमूलक शिक्षा दिए हुन्थ्यो जस्तो लाग्छ भन्ने जवाफ सबै विद्यार्थीबाट पाइयो ।

शिक्षक, अभिभावक र विद्यार्थीहरुको लागि छुट्टाछुट्टै प्रश्नावली निर्माण गरी ती प्रश्नावलीबाट विभिन्न किसिमका उत्तरहरु खोजी गरिएको छ । सर्वप्रथम त शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली भराउँदा यसबाट अहिले कुमाल बालबालिकाको विद्यालय सहभागिता कस्तो छ ? भनी पत्ता लगाउनका लागि दुवै विद्यालयका शिक्षकहरुलाई विभिन्न प्रश्नहरु सोधिएको थियो । प्रश्न थियो तपाइले हाजिरी गर्ने गरेको कक्षामा कुमाल र अन्य विद्यार्थीको उपस्थिति कस्तो रहेको छ ? भन्ने प्रश्नको जवाफ ११ जना शिक्षकले नै अन्यको तुलनामा कुमाल विद्यार्थीको उपस्थिति न्यून भएको बताउनु भयो भने पूनः कक्षा कोठामा विद्यार्थीहरु पढ्नको लागि पूरा दिन बस्छन् ? भन्ने प्रश्नको जवाफ दुई जना शिक्षकले पूरा दिन बस्छन् र ९ जना शिक्षकले पूरा दिन नबसी भाग्ने गर्दछन् भन्ने जवाफ दिनु भयो । त्यसैगरी कुमाल विद्यार्थीहरुले नियमित गृहकार्य के-कति गर्ने गरेको पाउनुभएको छ भन्ने प्रश्नमा ५०%ले नियमित गर्ने भन्ने शिक्षक ५ जना र ७५%ले नियमित गर्न गरेको छ भन्ने ६ जना शिक्षक पाइयो । त्यसैगरी कुमाल विद्यार्थीको कक्षा सक्रियता कस्तो रहेको पाउनु भएको छ ? भन्ने प्रश्नको जवाफ ३ जना शिक्षकले ६०-७०% सक्रिय छ भन्नुभयो भने ८ जना शिक्षकले अन्य विद्यार्थीको तुलनामा कुमाल विद्यार्थीको सक्रियता न्यून भएको बताउनु भयो । कुमाल विद्यार्थीको अतिरिक्त क्रियाकलापमा सहभागिताको अवस्था के कस्तो पाउनु भएको छ ? छात्रको बढी की छात्राको ? भनी प्रश्न गर्दा अतिरिक्त क्रियाकलापमा समान रुपमा सहभागी हुन्छ भन्ने शिक्षक ४ जना र छात्रा भन्दा छात्रले बढी सहभागी हुन्छ भन्ने शिक्षक ७ जना रहेको पाइयो । कुमाल बालबालिकाले के-कस्ता कारणले विद्यालय छाडेका होलान् ? भनी प्रश्न गर्दा सबै

शिक्षकहरुले अभिभावकमा चेतनाको कमी, शिक्षाको महत्व नबुझ्नु, गरीबी, विद्यार्थीहरुलाई स्टेशनरीको कमी हुनाले पनि विद्यानलय छाडेका हुन् भन्ने जवाफ दिनुभयो । त्यस्तै अब कुमाल बालबालिकाहरुको विद्यालय सहभागीता बढाउन के गर्नुपर्ला ? भन्ने प्रश्नको जवाफ कुमाल बालबालिकाहरुको विद्यालय सहभागिता बढाउन सरकारी स्तरबाट कुमाल जातिलाई छुट्टै सेवा सुविधा दिएर, विद्यालयले घर दैलो कार्यक्रम गरेर, अभिभावक भेला गरेर, अभिभावकलाई जनचेतना फैलाएर, आमा समूहलाई चेतना दिने खालका कार्यक्रम सञ्चालन गरेर पनि कुमाल बालबालिकाको विद्यालय सहभागिता बढाउन सकिन्छ भनेर भन्नुभयो ।

त्यसैगरी स्थानीय अगुवा अभिभावकको लागि निर्माण गरिएका प्रश्नावलीलाई बालबालिकाको विद्यालय सहभागिता के-कस्तो छ ? भनी बुझ्नको लागि गरिएको प्रश्नमा ६ जना अभिभावकले नै राम्रै छ भन्ने जवाफ दिनुभयो भने कुमाल समुदायको सम्पूर्ण बालबालिकाहरु विद्यालय भर्ना भएका छन् भनी प्रश्न गर्दा सबै बालबालिका भर्ना भएका छन् भन्ने जवाफ आयो । त्यसैगरी कुमाल बालबालिका नियमित विद्यालय नजाने, कक्षा छाड्ने कारणहरु के के होलान् ? भन्ने प्रश्नको जवाफ क्रमशः अभिभावकले आफ्नो बच्चा पढाइको चासो नदिएकोले, अभिभावक नै घरको काममा व्यस्त हुने बच्चाले पढे नपढेको स्कूल गए नगएको बुझ्न नभ्याउने, अभिभावकमा शैक्षिक चेतनाको कमी गरिबी, आदि इत्यादि कारणले चेतनाको कमी गरिबी, आदि इत्यादि कारणले नियमित विद्यालय नजाने र कक्षा छाड्ने गरेको हो भनेर भन्नुभयो । त्यसो भए अब कुमाल बालबालिकाहरुको विद्यालय सहभागिता बढाउन के के कुराहरु गर्न आवश्यक छ ? भनी प्रश्न गर्दा अभिभावकहरुले क्रमशः आवश्यक स्टेशनरीका सामान सहित आफ्नो बालबालिकालाई सधैं पढ्न पठाउने, विद्यालयमा पूरा शिक्षक राख्ने, विद्यालय वातावरण रमाइलो बनाउने, विद्यालयमा नै खाजाको व्यवस्था गर्ने, स्टेशनरी, छात्रवृत्ति, विद्यालय पोशाक विद्यालयले नै व्यवस्था गर्ने, आमा समूह भेला गराइराख्ने, अभिभावक र बालबालिकालाई विद्यालयमा सँगै राखेर कुराकानी गराउने जस्ता कुराहरु आवश्यक छ भन्ने जवाफ दिनुभयो ।

अन्तमा विद्यार्थी समूह छलफलको लागि निर्माण गरिएको प्रश्नावलीबाट विभिन्न किसिमका उत्तरहरु खोजी गरिएको छ । दुईवटा विद्यालयबाट कक्षा ५ का विद्यार्थीहरुबाट प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको थियो । त्यसमा दुइवटै विद्यालयको कक्षा ५ को विद्यार्थीबाट आएको जवाफलाई समग्रमा उल्लेख गरेकी छु । लक्षित समूह छलफलमा विद्यार्थीहरुलाई तिमीहरु दिनदिनै विद्यालय आउँछौ कि कहिलेकाहीँ मात्र आउँछौ कहिलेकाहीँ मात्र आउँछौ किन ? भनी प्रश्न गर्दा हामी दिनदिनै विद्यालय आउँछौ किनकी विद्यालय आउँदा केही नयाँ कुरा सिकिन्छ घरमा बसेर केही नयाँ कुरा सिकिँदैन त्यसैले भनेर जवाफ दिए । त्यसैगरी विद्यालय त आउँछौ गृहकार्य दिनदिनै गर्छौ त ? गर्दैनौं भने किन ? भनी प्रश्न गर्दा धेरै विद्यार्थीले दिनदिनै गर्छौं भनेर कम विद्यार्थीले गर्दैनौं भने किनकी घरमा गएर काम गर्नुपर्ने नभ्याएर जवाफ दिए । विद्यालयमा अतिरिक्त क्रियाकलापमा कत्तिको सहभागिता हुने गरेका छौं ? यसका के-के समस्याहरु छन् ? भनी प्रश्न गर्दा अतिरिक्त क्रियाकलापमा प्रयाप्त मात्रामा भाग लिने गरेका छौं ?

यसमा केटाहरु भन्दा केटीहरु बढी सहभागी हुन्छौ खेल खेल्नको लागि खेल मैदानको समस्या रहेको छ भन्ने जवाफ दिए । कुमाल बालबालिकाहरुको विद्यालय सहभागिता बढाउन के के उपायहरु अपनाउनुपर्ला ? भनी प्रश्न गर्दा अभिभावकहरुमा शिक्षा सम्बन्धी जनचेतना जगाउने, विद्यार्थीहरुलाई पनि शिक्षा सम्बन्धी जनचेतना जगाउने, विद्यालय खाजा कार्यक्रम गर्ने, स्टेशनरी विद्यालयले नै उपलब्ध गराइदिने गरेर विद्यालय सहभागिता बढाउन सकिन्छ भन्ने जवाफ दिए ।

## ४.४ विद्यालय शिक्षाको सान्दर्भिकताबारे सरोकार वालाहरुको प्रतिक्रिया

वर्तमान समयमा दिँदै आएको शिक्षा कुमाल बालबालिकाहरुको लागि के कति सान्दर्भिक छ ? उनीहरुको जीवनसँग मेल खाने किसिमको, व्यावहारिक छ, छैन ? त्यसबाट विद्यार्थीहरु, अभिभावकहरु के कति सन्तुष्ट छन् ? आदि बारेमा सूचनाहरु सङ्कलन गर्नका लागि कुमाल अभिभावक शिक्षक र कुमाल विद्यार्थीहरुलाई अन्तर्वार्ता प्रश्नावली लिइएको थियो । उनीहरुबाट आएको प्रतिक्रियाहरुलाई तल विस्तृत रुपमा उल्लेख गरिएको छ ।

घरधुरी सर्वेक्षणको क्रममा अभिभावकहरुलाई तपाईको छोराछोरीको शिक्षा प्रति सन्तुष्टि हुनुहुन्छ ? भनी सोधिएको प्रश्नमा केही अभिावकहरुले आफ्नो छोराछोरीको शिक्षा प्रति सन्तुष्टि रहेको बताए भने केही अभिभावकहरुले असन्तुष्ट रहेको बताएका थिए । त्यस्तै विद्यालयमा दिइएको शिक्षाको सम्बन्धमा तपाइको विचार के छ ? तपाइको बालबालिकाहरुलाई कस्ता शिक्षा आवश्यक छ भनी सोधिएको प्रश्नमा विभिन्न अभिभावकहरुले विभिन्न किसिमका उत्तरहरु दिएका थिए भने कतिपय अभिभावकहरुले खै थाहा छैन भनेका थिए । केही अभिभावकहकरुले ठिकै छ भनेका थिए भने केहीले विद्यालयमा दिँदै आएको शिक्षा आफ्नो बालबालिकाको लागि खासै काम नलागेको बताएका थिए । हामी कुमाल भएता पनि अहिले हामीले माटाको भाँडा बनाउन छाडेको छौं तर आफ्नो पहिचानको लागि र देशको परिस्थिति अनुसार अहिलेको शिक्षा जागिर नपाउने पढेर के काम ? बरु स्कूलमा नै सीपमूलक अथवा कुमालका बच्चाहरुलाई माटाको भाँडा बनाउन जान्ने खालका शिक्षा सरकारले प्रदान गरिदिए भोली भाँडा बनाएर भने पनि आफ्नो जीवन निर्वाह गर्नु सजिलो हुने कुरा अभिभावकहरुले बताएका थिए । त्यसैगरी विद्यालयमा शिक्षा दिँदा कुनै व्यवसाय सम्बन्धी शिक्षा दिएर, पढ्ने बित्तिकै पैसा कमाउन सक्ने किसिमले शिक्षा दिनुपर्ने बताएका थिए । अलिक पढेका स्थानीय अगुवा अभिभावकहरुले विद्यालयमा दिँदै आएको शिक्षा ठिकै छ र यसमा अझ व्यावहारिक र व्यवसायमूलक भएको भए हुने थिया ।

त्यसैगरी शिक्षकहरुलाई कुमाल बालबालिकाहरुको लागि अहिलेको शिक्षा व्यवस्था के कस्तो छ ? भनि सोधिएका प्रश्नमा शिक्षकहरुबाट विभिन्न सूचनाहरु प्राप्त भएको थियो केही शिक्षकहरुले कुमाल बालबालिकाहरुको लागि दिँदै आएको शिक्षा । राम्रो रहेको, अरु जातिकालाई र कुमालहरुलाई एउटा शिक्षा आवश्यक छ तर उनीहरु आफै पढ्न मन पराउँदैनन् जसले गर्दा कुमाल बालबालिकाहरु पछि परेका छन भनेका थिए । केही शिक्षकले भिन्न किसिमले जवाफ दिएका थिए । कुमालहरु शिक्षामा पछाडि

परेको हुँदा, उनीहरुको आर्थिक अवस्था कमजोर रहेकोले गर्दा उनीहरुले धेरै पढ्न नसकि रहेको अवस्था छ । पढेर जागिर गर्न नपाइने, किताबी ज्ञानमा मात्र सीमित रहेकोले व्यावहारिक ज्ञान नहुने बताएका थिए । उनीहरुले सानै उमेरमा पैसा कमाउन पर्ने बाध्यता हुने भएकाले पढाई छोड्न पनि बाध्य छन् । तसर्थ कुमाल बालबालिकाहरुलाई शिक्षा दिँदा व्यावहारिक शिक्षा दिनुपर्ने बताएका थिए । कक्षा १० सम्म पढिसकेपछि उनीहरुको लागि आवश्यक भएको बताएका थिए । अहिलेको शिक्षा सैद्धान्तिक मात्र भएको र व्यावहारिक नभएको बताएका थिए ।

तिमीहरुलाई विद्यालयबाट कस्तो शिक्षा दिए राम्रो हुन्थ्यो । जस्तो लाग्छ ? भनि सोधिएका प्रश्नमा विद्यार्थीहरुले शिक्षा सैद्धान्तिक भन्दा व्यावहारिक हुनुपर्ने बताएका थिए । आय आर्जन गर्न सकिने, पढ्ने बित्तिकै पैसा कमाउन सकिने शिक्षा दिनुपर्ने बताएका थिए । तिमीहरुलाई विद्यालयमा केही समस्याहरु आइपरेका छन् कि छैनन् ? छन् भने के के समस्याहरु आइपरेका छन् ? भनि सोधिएको प्रश्नमा कुमाल विद्यार्थीहरुले आफूहरुलाई समस्याहरु रहेको बताएका थिए । आफ्नो घरको आर्थिक अवस्था कमजोर रहेकोले मासिक शुल्क तिर्न गाह्रो पारिरहेको, किताब र कापी, ड्रेस किन्न पनि गाह्रो परिरहेको बताएका थिए ।

### ४.५ कुमाल बालबालिकाहरुको शिक्षाका लागि गरिएका प्रयासहरु

अध्ययन क्षेत्र, मुरलीभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ३ का कुमाल बालबालिकाहरुको शिक्षाको लागि उनीहरुलाई शिक्षाप्रति अभिप्रेरित गर्नका लागि क-कसले, कहाँबाट के-के सहयोग पुऱ्याएका छन् भनी पहिचान गर्नका लागि, शिक्षक, अभिभावक र विद्यार्थीहरुबाट प्रतिक्रियाहरु लिइएको थियो । उनीहरुबाट आएका प्रतिक्रियाहरुलाई व्याख्यात्मक रुपमा उल्लेख गरिएको छ ।

विद्यालयमा अध्यापन गर्दै आउनु भएका शिक्षकहरुबाट हामीले उक्त विद्यालयमा अध्ययन गरेका कुमाल बालबालिकाहरुको शैक्षिक अवस्थामा सुधार गर्नका लागि क-कसले, के-के सहयोग गर्दै आएका छन् ? यस सम्बन्धी तपाईलाई के-कति जानकारी छ ? भनी सोधिएको प्रश्नमा उक्त विद्यालयका शिक्षकहरुबाट आएका प्रतिक्रियालाई समग्रमा उल्लेख गरिएको छ । नमूनामा क्षेत्रमा परेका दुवै विद्यालयले आफ्नो विद्यालयको भौतिक र शैषिक विकासको लागि काम गरिरहेको छ र शिक्षकहरु आफ्नो तर्फबाट विद्यालय र विद्यार्थीको लागि सक्दो सहयोग गरिरहेको र समाजमा भएका आमा समूहलाई मासिक रुपमा भेला राख्ने, अभिावक शिक्षक बीच भेटघाट कार्यक्रम राखेर आफ्नो आफ्नो विद्यार्थी र बालबच्चाको कमीकमजोरी विद्यालय अवस्थाबारे छलफल गराउने कार्यक्रम राखेका छौं भन्ने जवाफ पाइयो । त्यसैगरी दुवै विद्यालयमा अधययनरत गरिब र जेहेन्दार कुमाल बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गरेको प्रा.वि. तहमा निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिदिएको पाइयो । प्रा.वि. तहमा मासिक शुल्क नलाग्ने, कक्षामा प्रथम, द्वितीय र तृतीय हुने कुमाल बालबालिकाहरुलाई विशेष पुरस्कारको व्यवस्था भएको बताउनु भयो । त्यस्तै गरी केही शिक्षकहरुले पढ्नलाई मेहनत गर्ने कुमाल

विद्यार्थीहरुलाई बेलाबेलामा पुरस्कार दिने गरेको, आफूले सक्दो सहयोग गर्दै आएको बताएका थिए । समुदायबाट पनि सहयोग पुग्दै आएको बताउनु भएको थियो । गाउँमा आमा समूहले पनि प्रथम, द्वितीय, तृतीय हुने कुमाल विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गर्ने गरेको बताएका थिए । त्यस्तै गाउँका केही व्यक्तिहरुले पनि जेहेन्दार दलित, जनजातिका विद्यार्थीहरुका लागि पुरस्कारको व्यवस्था गर्दै आएको बताएका थिए । त्यस्तै वर्षमा एकपटक विद्यालयबाट घरदैलो कार्यक्रम सञ्चालन गरी प्रत्येक घरमा पुगि बालबालिकाहरुलाई विद्यालय पढाउन आग्रह गर्ने गरेको, समस्या भए त्यसको लागि पनि केही सेवा सुविधा दिने व्यवस्था मिलाउने गरेको बताएका थिए । त्यसैगरी कुमाल बालबालिकाहरुको शिक्षाको लागि कुन-कुन निकाय, संस्थाहरुले के के सहयोग पुऱ्याइएको छ ? भनी गरिएको प्रश्नमा दुवै विद्यालयको शिक्षकहरुले विभिन्न संस्था तथा व्यक्तिले सहयोग गरेको कुरा बताउनु भएको थियो । त्यसैगरी अध्ययन क्षेत्रमा परेका विद्यालयका शिक्षकहरुले आफ्नो विद्यालयको लागि र विद्यार्थीका लागि सहयोग गरेको संस्थाहरु रुमटुरीड नेपालले भवन बनाउनमा, प्रयास नेपालले पुस्तकालय र पठनपाठन सीप विकासका लागि, गा.वि.स. र जिल्ला शिक्षा कार्यालयले आर्थिक सहयोग गरेको प्रयास नेपाल, आसमान नेपालले पनि लाइबेरी स्थापना शैक्षिक सामग्री उपलब्धको लागि सहयोग पुऱ्याएको कुरा बताउनु भएको थियो ।

त्यस्तै गरी कुमाल बालबालिकहरुको शैक्षिक स्तर उकास्न सबै कुमालबालबालिकाहरुलाई विद्यालयमा उपस्थित गराउनका लागि के-के सहयोग क-कसले गर्दै आएको छ ? भनी सूचना सङ्कलन गर्नका लागि विद्यार्थी र अभिभावकहरुलाई पनि विभिन्न प्रश्नहरु राखिएको थियो । उनीहरुबाट आएका प्रतिक्रियाहरु, सूचनाहरुलाई व्याख्यात्मक रुपमा उल्लेख गरिएको छ । विद्यार्थी समूह छलफलका तिमीहरुलाई अध्ययन कार्यमा क-कसले सहयोग गर्नु भएको छ ? भनी गरिएको प्रश्नमा घरमा आमा, बुबा, दाइ, दिदी र विद्यालयमा शिक्षकहरुले भनेर जवाफ दिएका थिए भने अभिभावकले भने आफ्नो बालबालिकाको लागि जिल्ला शिक्षा कार्यालय धादिङ्ग, गा.वि.स. प्रयास नेपाल, रुमटुरीड नेपाल, सिसमसम्म जाइका, आसमान नेपाल जस्ता संस्थाहरुले र व्यक्तिगत सहयोग गर्ने व्यक्ति एकराज सिलवालले आर्थिक तथा स्टेशनरी सहयोग गरेको पाइन्छ भन्नु भएको थियो ।

### ४.६ कुमाल बालबालिकाहरुको शैक्षिक व्यवस्थापनमा देखापरेका समस्याहरु र समाधानका लागि गरिएको उपायहरुमा सरोकारवालाहरुको प्रतिक्रिया

कुमाल बालबालिकाहरुको विद्यालयमा के-कसरी सहभागिता बढाउने ? उनीहरुका समस्याहरु के-कसरी समाधान गर्न सकिन्छ ? उनीहरुलाई कसरी पढाउँदा राम्रो हुन्थ्यो ? कुमालहरुलाई के-कस्तो अवसर दिँदा राम्रो हुन्थ्यो ? उनीहरुको शिक्षाका लागि के के गर्नुपर्ने हो ? स्कूल आएका कुमाल बालबालिकहरु र स्कूल नआएका कुमाल बालबालिकाहरुको व्यवस्थापन के-कसरी गर्न सकिन्छ ? जस्ता प्रश्नावलीमा कुमाल अभिभावक, शिक्षक र विद्यार्थीहरुलाई प्रतिक्रियाहरु लिइएको थियो । उनीहरुबाट आएको प्रतिक्रिया सूचनाहरुलाई व्याख्यात्मक रुपले उल्लेख गरिएको छ ।

घरधुरी सर्वेक्षण क्रममा अभिभावकहरुलाई छोराछोरीको शिक्षाको लागि तपाइले के-कस्तो व्यवस्था प्रयासहरु गर्नुभएको छ ? भनि सोधिएको प्रश्नमा उनीहरुले विभिन्न सूचनाहरु दिएका थिए । आफूहरुको आर्थिक अवस्था निकै कमजोर रहेको र छोराछोरी पाल्न निकै गाह्रो परिरहेको बताएका थिए । यति हुँदाहुँदै पनि छोराछोरीलाई पठाएपछि यिनीहरुले पैसा कमाउन सक्थे कि अगि आफूहरुले ज्यादै दु:ख गरेर छोराछोरीलाई पढाएको बताएका थिए । केही अभिभावकले छोराछोरीलाई १० कक्षा सम्म मात्र पढाउने बताएका थिए भनी थोरै अभिभावकले १२ कक्षासम्म पढाउने बताएका थिए । त्यसभन्दा माथि आफैले कमाएर पढे ठिकै छ नत्र पढाउन नसक्ने बताएका थिए । घरमा पनि छोराछोरीलाई साँझ बिहान खासै काम नगराएर पढ्ने समय दिँदै आएको बताएका थिए ।

त्यस्तै तपाईको बालबालिकालाई कसरी पढाएमा राम्रो हुन्थ्यो जस्तो लाग्छ ? भनि सोधिएको प्रश्नमा कुमाल अभिभावकहरुले आफ्ना छोराछोरीलाई शिक्षकले ख्याल गर्नुपर्ने, शिक्षकले कक्षामा आफ्ना र अन्य जातजातिका बालबालिकालाई समान व्यवहार गर्नुपर्ने बताएका थिए । गृहकार्य सधैं हेर्नुपर्ने, कक्षामा नै शिक्षकले सम्पूर्ण विषयवस्तु पढाई दिनुपर्ने ताकि आफ्ना छोरा छोरीलाई ट्यूसन पढ्न नपरोस् । त्यस्तै व्यावहारिक शिक्षातर्फ जोड दिएर पढाइदिँदा राम्रो हुने थियो भनी बताएका थिए ।

त्यस्तै गरी तपाइको बालबालिकाको शिक्षाको लागि अरु के के गर्नुपर्ला ? भनी सोधिएको प्रश्नमा अभिभावकरुले आफ्ना छोराछोरीलाई विद्यालयमा पढ्नको लागि मासिक शुल्क नलिएमा आफूहरुलाई सजिलो हुने, सबै छोराछोरीलाई विद्यालयमा पढ्नको लागि पढाउन सक्ने बताएका थिए । त्यस्तै गरि छात्रवृत्ति दिएमा राम्रो हुने थियो भनेका थिए । विद्यालयबाटै किताबहरु पनि उपलब्ध गराइ दिएमा राम्रो हुने बताएका थिए । शिक्षा दिँदा व्यावहारिक, रोजगारमूलक पढेर पास भएपछि केही गरेर पैसा कमाउन सक्ने किसिमको शिक्षा दिनुपर्ने बताएका थिए । त्यस्तै विद्यालयमा सधैं पढाई हुनुपर्ने बताएका थिए । आफ्ना छोरा छोरीलाई विद्यालयमा बेलाबेलामा पुरस्कार दिने गरेमा स्कूल जात बालबालिकाले मान्ने थिए, खुसि भएर विद्यालय जाने थिए भनी बताएका थिए ।

कुमाल बालबालिकाहरुको शैक्षिक समस्याहरु के-के होलान् ? भनि गरिएको प्रश्नमा शिक्षकहरुले कुमाल बालबालिकाहरु नियमित विद्यालय नआउने, गृहकार्य नगर्ने, उनीहरुलाई किताब, कापी, किन्न पनि गाह्रो परेको, विद्यालयबाट भागेर हिँड्ने समस्याहरु रहेको छ । उनीहरुलाई विद्यालय ड्रेसको व्यवस्था गर्न पनि गाह्रो पर्ने गरेको बताएका थिए । कुमाल बालबालिकाहरुले के-कस्ता कारणले विद्यालय छाडेका होलान् भनी सोधिएको प्रश्नमा कुमाल बालबालिकाले मासिक शुल्क तिर्न नसकेर, घरको आर्थिक समस्याले घरमा काम गरी पढ्न जान नसक्ने अवस्था सिर्जना भएर विद्यालय छाडेका जवाफ दिनुभयो ।

त्यसैगरी स्कूल आएका र स्कूल नआएका बालबालिकाहरुको व्यवस्थापन के-कसरी गर्न सकिएला ? भनी शिक्षकहरुलाई सोधिएको प्रश्नमा विविध जानकारी आएको थियो । स्कूल आएका बालबालिकाहरुलाई राम्रो शिक्षा दिनुपर्ने, केटाकेटीहरुलाई घरमा भन्दा विद्यालयमा रमाइलो वातावरण

सिर्जना गरि पढाउनु पर्ने ताकि केटाकेटीलाई विद्यालय सधैं आउन मन लागोस् । विद्यालयमा खेल मैदानको व्यवस्था, खेलको सामग्रीहरुको व्यवस्था गर्नुपर्ने बताएका थिए । स्कूल आएका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था मिलाउन सकेमा राम्रो हुने, कुमाल बालबालिकाहरुलाई स्कूल ड्रेस र किताबको व्यवस्था मिलाइ दिन सकेमा सबै विद्यार्थीले विद्यालय छाड्ने थिएनन् । जस्तो लाग्छ भनी बताएका थिए । नियमित विद्यालय आउने विद्यार्थीलाई उचित पुरस्कारको व्यवस्था मिलाई दिन सकेमा सबै विद्यार्थी नियमित विद्यालय आउने थिए भनी केही शिक्षकले बताएका थिए । त्यस्तै स्कूल नआएका कुमाल बालबालिकाहरुलाई विद्यालयमा आउने वातावरण मिलाउनु पर्ने बताएका थिए । के कस्ता कारणले विद्यालय आएका छैनन् ? त्यसको पहिचान गरी समस्या समाधान गरी विद्यालय आउने व्यवस्था मिलाउनुपर्ने बताएका थिए । जुन घरका बालबालिका विद्यालय आएका छैनन् । त्यो घरमा घरदैलो कार्यक्रम सञ्चालन गरी प्रत्येक घरमा गएर त कुमाल बालबालिकाहरु किन विद्यालय नगएका हुन् ? भनी खोजी गर्नुपर्ने र आमा बाबुसँग छलफल गरी उनीहरुलाई शैक्षिक चेतना प्रदान गरी बालबालिकालाई विद्यालय पढाउने गराउनु पर्दछ । आर्थिक अवस्था निकै नै दयनीय छ भने के सहयोग गर्नु पर्ने हो । त्यसको व्यवस्था मिलाउनु पर्ने बताएका थिए । गरिब बालबालिकाको लागि निःशुल्क विद्यालय भर्ना गर्ने र किताबहरु पनि विद्यालयबाटै निःशुल्क उपलब्ध गराइ दिने, स्कूल ड्रेस, झोलाको व्यवस्था पनि गरिदिन सकेमा त्यस्ता विद्यार्थीहरुलाई पनि विद्यालयमा सहभागी गराउन सकिने बताएका थिए । स्कूल नआएका र घरमा बसेका बालबालिकाहरुलाई पढेर यस्ता हुन सकिन्छ, तिमी पछि यस्तो बन्ने छौ भनी एउटा हौसला दिनुपर्ने हुन्छ । त्यस्तो गर्दा उनीहरुमा पनि पढ्नु पर्दो रहेछ भित्री मनबाटै पढ्नको लागि जागरुकता पैदा हुने गर्दछ र पढ्नमा मन लगाउँछन् भनी बताएका थिए । स्कूल नआएका बालबालिकाहरुलाई के-कसरी हुन्छ शिक्षा दिने प्रबन्ध मिलाउनु पर्ने बताएका थिए

त्यस्तै गरी कुमाल बालबालिकाहरुलाई तिमीहरु जस्तै अन्य कुमाल बालबालिकाहरुको विद्यालय भर्ना भएका छैनन् भर्ना भएर पनि नियमित विद्यालय आउँदैनन ? त्यस्ता विद्यार्थीहरुको विद्यालयमा सहभागिता बढाउन के के गर्नुपर्ला ? भनी विद्यार्थी सामु राखिएको प्रश्नमा विविध जानकारी आएको थियो । कुमाल परिवारको आर्थिक अवस्था कमजोर भएकोले कतिपय बाबुआमाले छोरा छोरीलाई काममा लगाउने गरेको र स्कूल भर्ना नगरेको, भर्ना गरेरपनि नियमित विद्यालय नपठाउने गरेको हुँदा । त्यस्ता परिवारका बालबालिकालाई निःशुल्क पढाउन सकेमा, पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउन सकेमा विद्यार्थीहरु सबै विद्यालय सहभागि हुने थिए, नियमित विद्यालय आउने थिए । त्यस्तै गरी घरका आमाबाबुलाई पनि विद्यालयबाट शिक्षकहरु गएर जनचेतना जगाउनु पर्ने बताएका थिए । कुमाल बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था मिलाई दिनु पर्ने, उचित पुरस्कारको व्यवस्था गर्नुपर्ने, विद्यालय खाजाको व्यवस्था गर्नपर्ने, विद्यालयमा सबै विद्यार्थीलाई समान व्यवहार गरेमा कुमाल बालबालिकाहरुको पनि विद्यालयमा सहभागीता पढ्ने बताएका थिए ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

विभिन्न साधनहरुको प्रयोगबाट संकलित सूचनाहरुको विश्लेषणद्वारा निम्नलिखित प्राप्ति, निष्कर्ष र सुझावहर निकालिएको छ :

## ५.१ प्राप्तिहरु

(क) अध्ययन क्षेत्र मुरलीभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ३ मा जम्मा कुमाल घरधुरी संख्या ६३ रहेको पाइयो । त्यस्तै जम्मा कुमालहरुको जनसंख्या ३०० रहेको, जसमा पुरुष १४४ र महिला १५६ जना रहेको पाइयो ।

(ख) अध्ययन क्षेत्रका १४४% पुरुष मध्ये साक्षर २.०८% निरक्षर ३६.११%, आधारभूत शिक्षा ५२.०८%, माध्यमिक शिक्षा ८.३३% र उच्च शिक्षा प्राप्त गर्ने १.३८% रहेको पाइयो ।

(ग) अध्ययन क्षेत्रका १५६ जना महिला मध्ये साक्षर २.५६%, निरक्षर ५१.२८%, आधारभूत शिक्षा ३९.१०%, माध्यमिक शिक्षा ५.७६% र उच्च शिक्षा १.२८%ले प्राप्त गरेको पाइयो ।

(घ) अध्ययन क्षेत्रमा ५-२२ वर्ष सम्मका १४४ कुमाल बालबालिका रहेको, जसमा ९६ जना विद्यालय जाँदै गरेका र ४८ जना विद्यालय नगएको पाइयो । त्यस्तै विद्यालय जाँदै गरेको छात्र ३५.४१% र छात्रा ३१.९४% पाइयो । सबै भन्दा धेरै ५-१० वर्ष उमेर समूहका बालबालिका विद्यालय जाँदै गरेको पाइयो । जसमा छात्र ५५.२५%, छात्रा ३५.५५% रहेको पाइयो भने सबैभन्दा कम विद्यालय जाने उमेर समूहमा १७-२२ वर्षका छात्र १७.०२% र छात्रा १९.१४% रहेको पाइयो ।

(ङ) अध्ययन क्षेत्रमा परेको विद्यालयमा २०६९ सालमा कक्षा १-५ सम्मा जम्मा भर्ना संख्या २५४ जनामा १७३ जना कुमाल बालबालिका रहेको थियो । जसमा छात्र ९२, छात्रा ९१ जना रहेको थियो ।

(च) त्यस्तै अध्ययन क्षेत्रमा परेको विद्यालयमा अध्ययनरत विद्यार्थीको औसत हाजिरीको कुरा गर्नुपर्दा २०६८ सालमा कक्षा १-५ सम्म अध्ययनरत विद्यार्थीको कक्षागत हाजिरीमा कक्षा १ को १७०, कक्षा २ को १७०.५, कक्षा ३ को १७१, कक्षा ४ को १७०.५ र कक्षा ५ को १७३ दिन रहेको पाइयो ।

(छ) कक्षा १-५ सम्ममा २०६८ सालमा भएको परीक्षामा जम्मा उत्तीर्ण संख्या १६५ जनामा छात्र ७२ जना र छात्रा ९३ जना रहेको र अनुत्तीर्ण हुनेमा जम्मा २७ जनामा छात्र १३ जना, छात्रा १४ जना रहेको पाइयो ।

(ज) २०६८ सालको परीक्षामा कुमाल जातिको विद्यार्थीले सम्पूर्ण विषयमा प्राप्त गरेको उपलब्धिस्तर ४६.४१% र अन्य जातिको उपलब्धिस्तर ४९.६६% रहेको पाइयो । तसर्थ कुमाल जातिको भन्दा अन्य जातिको विद्यार्थीको उपलब्धि स्तर केही राम्रो देखिन्छ ।

(झ) २०६८ सालमा कक्षा १-५ सम्म जम्मा भर्ना भएको १९२ जनामा कक्षा छाड्नेको संख्या २ मात्र भएको र कक्षा दोहोऱ्याउनेको संख्या २० रहेको पाइयो । जसमा छात्र १३ जना र छात्रा १४ जनाले कक्षा दोहोऱ्याएको पाइयो ।

(ञ) शैक्षिक उपलब्धि स्तरबारे सरोकारवालाहरुको प्रतिक्रियामा आफ्नो बालबालिकाको उपलब्धि स्तर राम्रो छ भन्ने ३०.०३%, नराम्रो भन्नेमा १४.३४% र सन्तोषजनक भन्नेमा ५५.६१% रहेका पाइयो ।

(ट) शैक्षिक उपलब्धि स्तर नराम्रो हुने कारणहरुमा शिक्षकको प्रतिक्रियामा शिक्षण प्रति विद्यार्थीको सकारात्मक सोचाईको कमीमा ९०%, अभिभावकमा शिक्षा सम्बन्धी चेतनाको कमीमा ५५%, घरायसी काममा जोड दिनु पर्नेमा ३७%, विद्यार्थी विद्यालयमा नियमित उपस्थित नहुनुमा ५५% र सामाजिक विकृतिको कारणले भन्नेमा ४६% रहेको पाइयो । जसमा शिक्षकहरुको मत वा प्रतिक्रिया एक भन्दा बढी रहेको थियो ।

(ठ) शैक्षिक उपलब्धि स्तर राम्रो बनाउने तरिकाबारे शिक्षकहरुको प्रतिक्रियामा पढाईप्रति विद्यार्थीहरु बढी चिन्तनशील हुनुपर्नेमा ८२%, दैनिक रुपमा विद्यालय उपस्थित हुनुपर्नेमा ७३%, नियमित रुपमा पठनपाठन हुनुपर्नेमा ४६%, विद्यार्थी लगनशील र इमान्दार हुनुपर्नेमा ५५% र पढाइप्रति विद्यार्थीको जोस जाँगर र सकात्मक सोचाई हुनुपर्नेमा ६४% रहेको पाइयो । जसमा शिक्षकको प्रतिक्रिया विविध थियो ।

(ड) कुमाल विद्यार्थीको शिक्षाका लागि गरिएका प्रयासहरुमा सरकारी, गैरसरकारी र व्यक्तिले समेत सहयोग गरेको पाइयो जसमा जिल्ला शिक्षा कार्यालय धादिङ, गा.वि.स., रुमटुरीड नेपाल, आसमान नेपाल, प्रयास नेपाल, शान्ती नेपाल र व्यक्तिले एकराज सिलवाल, डा. राजाराम कार्कीले विद्यालयमा स्वास्थ्य शिविरको व्यवस्था गरिदिएको पाइयो ।

(ढ) कुमाल विद्यार्थीको लागि विद्यालय शिक्षाको सान्दर्भिकता बारे सरोकारवालाहरुको प्रतिक्रियामा शिक्षकले, अभिभावकले र विद्यार्थीहरु आफैले पढे पछि जागिर पाइने शिक्षा हुनुपऱ्यो ।

व्यावहारिक र सीपमूलक शिक्षा हुनुपर्‍यो । उनीहरुले पढेर केही काम गरेर आफ्नो जीवनयापन राम्रोसँग गर्न सक्ने खालको शिक्षा हुनुपर्ने प्रतिक्रिया आएको थियो ।

(ण) कुमाल बालबालिकाहरुको शैक्षिक व्यवस्थापनमा सरोकार वालाहरुको प्रतिक्रियामा अभिभावकहरुले आफ्ना बच्चालाई निःशुल्क रुपमा उच्च शिक्षा सम्म पढाइ दिनुपर्ने, स्कूलमा कुनै पनि जात भनी भेदभाव नगरी समान रुपमा विद्यालयमा रमाइलो वातावरणका साथ पढाई दिनुपर्ने, शिक्षकको प्रतिक्रियामा कुमाल विद्यार्थीहरु पनि स्कूलमा आएपछि अनुशासित भइ विद्यालयमा शिक्षकले भनेको कुरामा राम्ररी ध्यान दिने नियमित विद्यालय आउने, नियमित गृहकार्य गर्ने गरेमा राम्रो शिक्षा दिन सकिन्थ्यो भन्ने कुरा पाइयो ।

## ५.२ निष्कर्ष

कुमाल बालबालिकाहरुको शैक्षिक अवस्था शीर्षकमा गरिएको यो अध्ययन धादिङ जिल्ला मुरलीभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ३ का कुमाल घरधुरी र उक्त गा.वि.स.मा रहेका २ वटा विद्यालयमा केन्द्रित रहेको छ । यो अध्ययनको मुख्य उद्देश्य कुमाल बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति पत्ता लगाउन, शैक्षिक स्तर पहिचान गर्नु र कुमाल बालबालिकाहरुको शिक्षाका लागि गरिएका प्रयासहरुको लेखाजोखा गर्नु रहेको देखिन्छ । अध्ययन क्षेत्रमा जम्मा कुमाल घरधुरी संख्या ६३ रहेको र उक्त घरधुरीमा जम्मा ३०० जना रहेको जसमा पुरुष १४४ जना र महिला १५६ जना रहेका पाइयो । यसमा शैक्षिक अवस्था हेर्नुपर्दा २.३३% साक्षर, ४४% निरक्षरता, ४५% आधारभूत शिक्षा, ७% माध्यमिक शिक्षा र १.२३% उच्च शिक्षा प्राप्त गर्ने देखिन्छ । अध्ययन क्षेत्रमा ५-२२ वर्ष उमेर समूहका १४४ जना कुमाल बालबालिकाहरु मध्ये ९६ जना विद्यालय जाँदै गरेका र ४८ जना विद्यालय नगएको देखिन्छ । विद्यालय जाने छात्र भन्दा छात्रा ५ जनाले कम देखिन्छ । विद्यालय जाँदै गरेका उमेर समूहमा सबै भन्दा बढी ५-१० वर्षका बालबालिकाहरु धेरै रहेको देखिन्छ । यसमा छात्र ५५.५५% र छात्रा ३५.५५% देखिन्छ ।

अध्ययन क्षेत्रमा परेको विद्यालयहरुमा २०६९ सालमा कक्षा १ देखि ५ सम्ममा जम्मा २५४ जना भर्ना भएकोमा १७३ जना कुमाल बालबालिका विद्यालय भर्ना भएको देखिन्छ । जहाँ छात्र ४५.२३% र छात्रा २८.५७% देखिन्छ । २०६८ सालको वर्षभरीको औसत हाजिरी दिनलाई हेर्नुपर्दा कक्षा १-५ सम्म अध्ययनरत कुमाल विद्यार्थीको औसत हाजिरी दिन १७३ दिन रहेको देखिन्छ । जसमा छात्र र छात्रा बराबरी देखिन्छ । त्यसैगरी कक्षा १-५ सम्म अध्ययनरत विद्यार्थीहरुमा कक्षा छाड्ने विद्यार्थी ६.७५% र कक्षा दोहोर्‍याउनेमा १४.५८% रहेको देखिन्छ । जहाँ छात्रभन्दा छात्राले बढी कक्षा दोहोर्‍याएको देखिन्छ । २०६८ सालमा जम्मा १९२ जना विद्यालय भर्ना भएकोमा १६५ जना उत्तीर्ण र २७ जना अनुत्तीर्ण रहेको देखिन्छ । त्यसैगरी कुमाल जातको विद्यार्थी र अन्य जातको विद्यार्थीको विषयगत उपलब्धि स्तर हेर्नुपर्दा विषयगत उपलब्धी स्तरमा कुमाल बालबालिकाको शैक्षिक उपलब्धिस्तर अन्यको तुलनामा कम रहेको

देखिन्छ । समग्रमा हेर्दा सम्पूर्ण विषय कुमाल बालबालिकाको उपलब्धिस्तर ४६.४१% र अन्य जातको विद्यार्थीको उपलब्धिस्तर ४९.६६% रहेको देखिन्छ ।

शैक्षिक उपलब्धि स्तरबारे सरोकारवालाहरुको प्रतिक्रियामा आफ्नो बालबालिकाका उपलब्धि स्तर राम्रो छ भन्नेमा ३०.०३%, नराम्रो भन्नेमा १४.३४% र सन्तोषजनक छ भन्ने ५५.६१% रहेको देखिन्छ । अब शैक्षिक उपलब्धि स्तर नराम्रो हुने कारणहरुमा शिक्षकको प्रतिक्रियामा शिक्षा प्रति विद्यार्थीको सकारात्मक सोचाइको कमीमा ९०%, अभिभावकमा शिक्षा सम्बन्धी चेतनाको कमीमा ५५%, घरायसी काममा जोड दिनुपर्नेमा ३७%, विद्यार्थी विद्यालयमा नियमित उपस्थित नहुनुमा ५५% र सामाजिक विकृतिको कारणले भन्नेमा ४६% रहेको देखिन्छ । जसमा शिक्षकहरुको प्रतिक्रिया भिन्न रहेको थियो । त्यसैगरी शैक्षिक उपलब्धि स्तर राम्रो बनाउने तरिकाबारे शिक्षकहरुको प्रतिक्रियामा पढाईप्रति विद्यार्थीहरु बढी चिन्तनशील हुनुपर्नेमा ८२%, दैनिक रुपमा विद्यालय उपस्थित हुनु पर्नेमा ७३%, नियमित रुपमा पठनपाठन हुनुपर्नेमा ४६%, विद्यार्थी लगनशील र इमान्दार हुनुपर्नेमा ५५% र पढाई प्रति विद्यार्थीको जोस जागर र सकारात्मक सोचाई हुनुपर्नेमा ६४% रहेको देखिन्छ । जसमा शिक्षकको प्रतिक्रिया विविध थियो ।

कुमाल विद्यार्थीको शिक्षाको लागि गरिएका प्रयासहरुमा सरकारी, गैरसरकारी तथा व्यक्तिले समेत सहयोग गरेको देखिन्छ । जहाँ जिल्ला शिक्षा कार्यालय धादिङ्ग, गा.वि.स., आसमान नेपाल, प्रयास नेपाल, सिसम जाइका, शान्ती नेपाल र व्यक्तिमा एकराज सिलवाल, डा. राजाराम कार्कीले समेत विद्यालयमा आर्थिक एवं स्वास्थ्य सम्बन्धी सहयोग गरेको देखिन्छ । कुमाल विद्यार्थीको लागि विद्यालय शिक्षाको सान्दर्भिकताबारे सरोकारवालाहरुको प्रतिक्रियामा शिक्षकले, अभिभावकले र विद्यार्थीले पढेपछि पैसा कमाउन सक्ने शिक्षा हुनुपर्‍यो, व्यावहारिक, सीपमूलक शिक्षा हुनुपर्ने, उनीहरुले पढेर केही काम गरेर आफ्नो जीवनयापन राम्रोसँग गर्न सक्ने खालको शिक्षा हुनुपर्ने प्रतिक्रिया आएको थियो । कुमाल बालबालिकाको शैक्षिक व्यवस्थापनमा सरोकारवालाहरुको प्रतिक्रियामा अभिभावकले आफ्ना बच्चालाई निःशुल्क रुपमा उच्च शिक्षासम्म पढाई दिनुपर्ने, स्कूलमा कुनै पनि जात भनी भधेदभाव नगरी समान रुपमा विद्यालयमा रमाइलो वातावरणका साथ पढाई दिनुपर्ने, शिक्षकको प्रतिक्रिया कुमाल विद्यार्थीहरु स्कूलमा आएपछि अनुशासित भई विद्यालयमा शिक्षकले भनेको कुरामा राम्ररी ध्यान दिइ पढ्ने नियमित विद्यालय आउने, नियमित गृहकार्य गर्ने गरेमा राम्रो शिक्षा दिन सकिन्थ्यो भन्ने मत दिनु भएको थियो ।

## ५.३ सुझावहरु

### ५.३.१ नीतिगत तह

क. विद्यार्थीलाई विद्यालय पोशाक, स्टेशनरीको सामान, खाजाको व्यवस्था सरकारी तवरबाट गरिनुपर्ने ।

ख. विद्यालयमा दलित विद्यार्थीहरुको मनोबलमा वृद्धि गर्नका लागि न्यूनतम रुपमा १ जना शिक्षक वा शिक्षिकाको व्यवस्था गरिनुपर्दछ ।

### ५.३.२ कार्यान्वयन तह

क. विद्यालय छाड्ने प्रकृति कम गराउन र विद्यालय सहभागिता बढाउनको लागि दलित, जनजाति र पछाडि परेका समुदायका केटाकेटीहरुलाई विद्यालय नियमित भएमा पुरस्कारको व्यवस्था गरिनुपर्दछ ।

ख. विद्यालयमा छुवाछुत तथा जातीय भेदमा जस्तो निन्दनीय काम तथा व्यावहार गर्ने जो सुकै शिक्षक तथा विद्यार्थीलाई दण्डित गरिनुपर्दछ ।

ग. बालबालिकाहरुका लागि विद्यालय शिक्षा दिन आवश्यक छ भन्ने बारेमा अभिभावकहरुलाई चेतनामूलक कार्यक्रम विद्यालयका शिक्षकहरुबाट प्रदान गरिनुपर्ने ।

### ५.३.३ अभ्यास तह

क. कुमाल बालबालिकाहरुको भर्नादर बढाउन अथवा विद्यालयमा आउने वातावरणमा अझ सुधार ल्याउन छात्रवृत्ति कार्यक्रम तथा अन्य सुविधाहरु उपलब्ध गराउनु पर्दछ ।

ख. कुमाल जातिका विद्यार्थी र अन्य जातको विद्यार्थीबीच सौहार्दतापूर्ण वातावरणको सृजना गर्न विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

ग. विद्यालय भर्नादर, कक्षा छाड्ने प्रकृति तथा कक्षा दोहोऱ्याउने प्रवृत्तिमा कमी ल्याउन उनीहरका अभिभावकलाई विद्यालयमा बोलाएर उनीहरुको चेतनामा विकास हुने कार्यक्रम गर्नुपर्दछ ।

घ. बालबालिकाहरुलाई प्रदान गरिने विभिनन आर्थिक तथा भौतिक सहयोगलाई जेहेन्दार र गरिब विद्यार्थीलाई निरन्तर रुपमा उपलब्ध गराउनु पर्दछ ।

ङ. शिक्षण विधि अन्तरक्रियात्मक बनाउने, शिक्षक र विद्यार्थी बीचको सम्बन्ध बाबु र छोरा बीचको जस्तो हुनुपर्ने ।

च. शिक्षकले कक्षाकोठामा जान्ने विद्यार्थीलाई मात्र प्रश्न सोध्ने र तिनीहरु प्रति मात्र ध्यान केन्द्रित नगरेर अरु प्रति पनि केन्द्रित गर्नुपर्ने ।

छ. बालबालिकाहरुलाई नियमित विद्यालय उपस्थित हुने वातावरण मिलाउनु पर्दछ ।

ज. बालबालिकाहरुलाई शिक्षकले नियमित गृहकार्य दिने गर्न सघाउने तथा अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहित गरिनुपर्ने ।

## सन्दर्भग्रन्थ सूची


विष्ट, डोरबहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाडौं: साझा प्रकाशन ।

शर्मा, हिरामणि (२०४३), *कुमाल भाषाको अध्ययन,* पर्वत ।

सेरिड (२०५८), *दुर्गम क्षेत्रका विपन्न वर्गका बालबालिकाले शिक्षाको अवसर पाउन नसक्नाका कारक तत्वहरु,* काठमाडौं, शिक्षा विकास तथा अनुसन्धन केन्द्र ।।

पौड्याल, इन्दिरा देवी (२०४३), *पाल्पाका कुमाल जाति,* शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

पाण्डेय, मधुसुधन (२०६०), *नेपालका जनजातिहरु,* काठमाडौं: पैरवी प्रकाशन ।

पाण्डे, रामचन्द्र (२०६१), *कुमाल जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

दाहाल, यज्ञरथ (२०६१), *प्राथमिक विद्यालयमा दलित बालबालिकाहरुको शिक्षामा सहभागिता,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

अधिकारी, सपना (२०६३), *प्राथकि विद्यालय जाने तामाङ्ग बालबालिकाको सहभागिता,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

भट्टराई, बुद्धिराम (२०६१), *प्राथमिक विद्यालयमा दलित विद्यार्थीको सहभागिता,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

मरहट्टा, सर्मिला (२०६१), *कुमाल जातिमा छात्राहरु प्राथमिक विद्यालयमा सहभागिता,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

काफ्ले, बासुदेव र अधिकारी, किसान प्रसाद (२०६८), *शिक्षामा सामाजिक न्याय,* काठमाडौं: सनलाइट पब्लिकेशन ।

मुखिया बाघवीर (२०६८), कुमाल समाजको सामाजिक, सांस्कृतिक, आर्थिक तथा विविध विषय समेटेर गरेको अध्ययन, चिर्तुङ्गधारा गा.वि.स., पाल्पा ।

चौधरी, कृष्णराज (२०१०), आदिवासी जनजाती कुमालको जातीय प्रोफाइल (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान) ।

पोखेल, राधा (२०६२), *प्राथमिक तहमा सुकुम्बासी बालबालिकाको सहभागिता,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र के.वि., त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौंः सनलाईट पब्लिकेशन ।

CERID (1988), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौंः सनलाईट पब्लिकेशन ।

CERID (1988), *Universalization of Primary Education of Disadvantaged Population Groups*, Reports of National and of a Seminar, 7-11, November, Kathmandu: Center for Educational Research, Innovation and Development.

CERID (1990), *Educational population Groups, A Study Report of CERID,* Kathmandu.

## अनुसूची १

# घरधुरी सर्वेक्षण फाराम

**ठेगाना :**

### १. पारिवारिक विवरण

| क.सं. | परिवारका सदस्यको नाम | उमेर | लिङ | योग्यता | पेशा | विद्यालय जाने | विद्यालय नजाने |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

२. तपाईको बालबालिका नियमित विद्यालय जाने गरेका छन् ?

छन् ( ) छैनन ( ) यदि छैनन् भने किन ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

३. विद्यालय नजानु, छाड्नुका कारणहरु के-के होलान् ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

४. तपाई आफ्नो छोराछोरीको शिक्षाप्रति सन्तुष्टि हुनुहुन्छ ?

..........................................................................................................................

..........................................................................................................................

५. छोराछोरीको शिक्षाको लागि तपाईले के कस्तो व्यवस्था प्रयत्न गर्नुभएको छ ?

..........................................................................................................................

..........................................................................................................................

६. तपाईको बालबालिकाको शिक्षाको लागि अरुबाट के-के प्रयासहरु भएको छ ?

| कसले | के प्रयास |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

७. तपाईको बालबालिकाको लागि कस्तो शिक्षा आवश्यक छ ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

८. विद्यालयमा दिइएको शिक्षाले तपाईको बालबालिकाको शिक्षा सम्बन्धी अपेक्षाहरु पूरा गर्दछ ? छ भने के-के र छैनन् भने के के ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

९. तपाईको बालबालिकाको शिक्षाको लागि राज्यले के-के गर्नुपर्ला ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

## अनुसूची २

## विद्यालय सर्वेक्षण फाराम

विद्यालयको नाम :                                                    मितिः

ठेगाना :

भर्ना संख्या र हाजिरी विवरण :

| कक्षा | | भर्ना विद्यार्थी संख्या, २०६८ | औसत हाजिरी दिन, २०६८ | भर्ना विद्यार्थी संख्या, २०६९ | औसत हाजिरी दिन, २०६९ |
|---|---|---|---|---|---|
| १ | छात्र | | | | |
| | छात्रा | | | | |
| | जम्मा | | | | |
| २ | छात्र | | | | |
| | छात्रा | | | | |
| | जम्मा | | | | |
| ३ | छात्र | | | | |
| | छात्रा | | | | |
| | जम्मा | | | | |
| ४ | छात्र | | | | |
| | छात्रा | | | | |
| | जम्मा | | | | |
| ५ | छात्र | | | | |
| | छात्रा | | | | |
| | जम्मा | | | | |

(ख) **समग्र उपलब्धि विवरण**

| कक्षा | | उत्तीर्ण | अनुत्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | औषत उपस्थित विद्यार्थी |
|---|---|---|---|---|---|---|
| १ | छात्र | | | | | |
| | छात्रा | | | | | |
| | जम्मा | | | | | |
| २ | छात्र | | | | | |
| | छात्रा | | | | | |
| | जम्मा | | | | | |
| ३ | छात्र | | | | | |
| | छात्रा | | | | | |
| | जम्मा | | | | | |
| ४ | छात्र | | | | | |
| | छात्रा | | | | | |
| | जम्मा | | | | | |
| ५ | छात्र | | | | | |
| | छात्रा | | | | | |
| | जम्मा | | | | | |

कक्षा ५ को विषयगत उपलब्धि स्तर

| विषय | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | कुमाल | अन्य | कुमाल | अन्य | कुमाल | अन्य |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| सम्पूर्ण विषयहरु | | | | | | |

## अनुसूची ३

## शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम :                                        शिक्षकको नाम :

१. तपाईले हाजिरी गर्ने गरेको कक्षामा कुमाल र अन्य विद्यार्थीको उपस्थिति कस्तो रहेको छ ?

.........................................................................................................

२. त्यो कक्षामा विद्यार्थीहरु पूरा दिन नबसी के कति जना भाग्ने गर्दछन् ?

.........................................................................................................

३. कुमाल विद्यार्थीहरुले गृहकार्य नियमित के कति गर्ने गरेको पाउन भएको छ ?

.........................................................................................................

४. कुमाल विद्यार्थीहरुको कक्षा सक्रियता कस्तो रहेको पाउनु भएको छ ?

.........................................................................................................

५. कुमाल विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापमा सहभागिताको अवस्था के कस्तो पाउनु भएको छ ? छात्रको बढी की छात्राको किन ?

.........................................................................................................

६. तपाईलाई कुमाल बालबालिकालाई शिक्षण गर्न कुन कक्षामा बढी समस्या परेको छ ? कुन विषयमा ? किन होला ?

.........................................................................................................

७. कुमाल बालबालिकाहरुको शिक्षाको लागि कुन कुन निकाय, संस्थाहरुले के-के सहयोग पुऱ्याएको छ ?

.........................................................................................................

८. तपाईको विद्यालयले के-के प्रयास गरेको छ ? तपाइले नि ?

.........................................................................................................

९. कुमाल बालबालिकाहरुले के-कस्ता कारणले विद्यालय छाडेका होलान् ?

.........................................................................................................

१०. कुमाल बालबालिकाहरुको लागि अहिलेको शिक्षा व्यवस्था के कस्तो छ ?

.........................................................................................................

११. कुमाल बालबालिकाहरुको शैक्षिक समस्याहरु के-के होलान् ?

.........................................................................................................

१२. कुमाल बालबालिकाहरुको विद्यालय सहभागिता बढाउन के गर्नुपर्ला ?

.........................................................................................................

१३. स्कूल आएका र स्कुल नआएका बालबालिकाहरुको व्यवस्थापन के कसरी गर्न सकिएला ? प्रयासहरु के-के आएका छन् ?

.........................................................................................................

## अनुसूची ४

## स्थानीय अगुवा अभिभावका लागि अन्तर्वार्ता प्रश्नावली

अभिभावकको नाम : शैक्षिक योग्यता :

ठेगाना : पेशा :

१. कुमाल समुदायका बालबालिकाहरुका विद्यालय सहभागिताको अवस्था के कस्तो रहेको छ ?

....................................................................................................

२. सम्पूर्ण केटाकेटीहरु विद्यालय भर्ना भएका छन् ? छैनन् भने किन होला ?

....................................................................................................

३. कुमाल बालबालिकाहरु नियमित विद्यालय नजाने, कक्षा छाड्ने कारणहरु के-के होलान् ?

....................................................................................................

४. कुमाल बालबालिकाहरुको शिक्षाको लागि क-कसले के-के सहयोग पुऱ्याएको छ ?

....................................................................................................

५. विद्यालय गएका बालबालिकाको शिक्षाको व्यवस्थापन के-कसरी गर्न सकिएला ?

....................................................................................................

६. विद्यालय नगएका बालबालिकाको शिक्षाको व्यवस्थापन कसरी गर्न सकिएला ?

....................................................................................................

७. कुमाल बालबालिकाहरुको लागि अहिलेको विद्यालय शिक्षा व्यवस्था के कस्तो छ ?

....................................................................................................

८. विद्यालय शिक्षा प्रति तपाईहरु के कति सन्तुष्ट हुनुहुन्छ ?

....................................................................................................

९. अहिलेको शिक्षा व्यवस्था राम्रो बनाउन के गर्नुपर्ला ?

....................................................................................................

१०. कुमाल समुदायका बालबालिकाहरुको विद्यालय सहभागिता बढाउन के-के कुराहरु गर्न आवश्यक छ ?

....................................................................................................

## अनुसूची ५
## विद्यार्थी समूह छलफल निर्देशिका

विद्यार्थीको समूहको नामावली :

विद्यालयको नाम:

१. विद्यालय दिन दिनै आउँछौ कि कहिलेकाहीँ मात्र आउँछौ ? किन ?

..............................................................................................................

२. गृहकार्य दिनदिनै गर्ने गरेका छौं ? नगरेको भए किन ?

..............................................................................................................

३. अतिरिक्त क्रियाकलापमा कत्तिको सहभागिता हुने गरेका छौं ? के-के समस्याहरु छन् ?

..............................................................................................................

४. तिमीहरुलाई विद्यालय आउन मन लाग्छ कि लाग्दैन ?

..............................................................................................................

५. तिमीहरुको नतिजा प्रति के-कति सन्तुष्ट छौ ?

..............................................................................................................

६. तिमीहरु कुन तहसम्म पढ्न चाहन्छौ ?

..............................................................................................................

७. तिमीहरुलाई विद्यालयमा केही समस्याहरु आइपरेका छन् कि छैनन् ? छन् भने के-के समस्याहरु आइपरेका छन् ?

..............................................................................................................

८. तिमीहरुले घरमा दिनमा कति समय पढ्छौ ?

..............................................................................................................

९. तिमीहरुको लागि क-कसले के-के सहयोग पुऱ्याएको छ ?

..............................................................................................................

१०. तिमीहरुलाई कुन विषय पढ्न मन लाग्छ ? कुन-कुन पढ्न मन लाग्दैन ? किन ?

..............................................................................................................

११. तिमीहरुलाई विद्यालयबाट कस्तो शिक्षा दिए राम्रो हुन्थ्यो जस्तो लाग्छ ?

..............................................................................................................

१२. कुमाल बालबालिकाहरुको विद्यालय सहभागिता बढाउन के के उपायहरु अपनाउनु पर्ला ?

..............................................................................................................

**अनुसूची ६**

## लक्षित समूह छलफलमा समावेश विद्यार्थीको नामावली

| रत्नदेवी प्रा.वि. | | | गायत्री देवी प्रा.वि. | |
|---|---|---|---|---|
| क्र.सं. | नाम थर | | क्र.सं. | नाम थर |
| १ | ईश्वर श्रेष्ठ | | १ | सम्झना श्रेष्ठ |
| २ | सुजन कुमाल | | २ | सुनिता परियार |
| ३ | हिरामाया कुमाल | | ३ | कमला कुमाल |
| ४ | बलराम कुमाल | | ४ | स्वस्तिका अधिकारी |
| ५ | रुपा कुमाल | | ५ | राजन काप्री |
| ६ | दीपक कुमाल | | ६ | गणेश परियार |
| ७ | दिवेश कुमाल | | ७ | मिलन बानिया |
| ८ | सीता कुमाल | | ८ | प्रमिला सुवेदी |
| ९ | चमेली कुमाल | | ९ | अस्मिता वि.क. |
| १० | शान्ति कुमाल | | १० | विस्सु कुमाल |
| ११ | गणेश कुमाल | | ११ | राजन कुमाल |
| १२ | राजाराम कुमाल | | १२ | रमेश कुमाल |
| १३ | वीर ब. बि.क. | | १३ | पूर्ण ब. कुमाल |
| १४ | राज कुमार कुमाल | | १४ | सुरज कुमाल |
| १५ | नविना कुमाल | | १५ | दिनेश कुमाल |
| १६ | राजन कुमाल | | १६ | दिपक काप्री |
| १७ | पशुराम कुमाल | | १७ | सुनिता काप्री |
| १८ | शुशिला कुमाल | | १८ | सुमित्रा काप्री |
| १९ | रीता कुमाल | | १९ | उर्मिला लम्साल |
| २० | शोभा कुमाल | | २० | कृष्ण लम्साल |
| २१ | शारदा कुमाल | | २१ | बुद्धिराज परियार |
| २२ | लालमाया कुमाल | | २२ | शर्मिला कुमाल |
| २३ | प्रमिला कुमाल | | २३ | मदन कुमाल |
| २४ | पूर्ण बहादुर कुमाल | | २४ | मनिशा श्रेष्ठ |
| २५ | सुरज कुमाल | | २५ | टंकनारायण श्रेष्ठ |
| २६ | फूलमाया कुमाल | | २६ | मनोज लम्साल |
| २७ | देवीमाया कुमाल | | २७ | शंकर नेपाली |
| २८ | मनिसा कुमाल | | २८ | राजु लम्साल |
| २९ | अनिश कुमाल | | २९ | सारदा लम्साल |
| ३० | देवीमाया कुमाल | | ३० | चमेली मगर |

## अनुसूची ७

## स्थानीय अगुवा अभिभावकको नामावली

१. परशुराम कुमाल

२. लोक बहादुर कुमाल

३. भिमबहादुर कुमाल

४. नन्दबहादुर कुमाल

५. कल्पना कुमाल

६. टेक बहादुर कुमाल

## अनुसूची ८

## शिक्षकका नामावली

१. योगनारायण श्रेष्ठ

२. कमला कुमाल

३. असन कुमाल

४. खडानन्द लोहनी

५. पुरुषोत्तम रेग्मी

६. गीता कुमाल

७. प्रतिभा अधिकारी

८. गीता लम्साल

९. गायत्री अधिकारी

१०. बासुदेव सुवेदी

११. सीता खनाल

अनुसूची-९

## Disadvantage Indigenous Ethnic Group

| S.N. | Name | S.N. | Name | S.N. | Name |
|---|---|---|---|---|---|
| 1 | Kumal | 21 | Danuwar | 41 | Rai |
| 2 | Kisan | 22 | Damai | 42 | Raute |
| 3 | Kusbadia | 23 | Dura | 43 | Rajbanshi (Koch) |
| 4 | Gangai | 24 | Dhanuk | 44 | Raji |
| 5 | Gurung | 25 | Dhimal | 45 | Larke |
| 6 | Chimtan | 26 | Newar | 46 | Limbu |
| 7 | Chepang | 27 | Pahari | 47 | Lepcha |
| 8 | Chhantyal | 28 | Phri | 48 | Lhopa |
| 9 | Jirel | 29 | Bankaria | 49 | Lhomi |
| 10 | Thangad | 30 | Baramo | 50 | Sherpa |
| 11 | Thintan | 31 | Barhagaunle | 51 | Sattar/Santhal |
| 12 | Dolpo | 32 | Bote | 52 | Siyar Sunuwar |
| 13 | Tangbe | 33 | Byansi | 53 | Surel |
| 14 | Tajpuria | 34 | Bhuju/Gharti | 54 | Syangtan |
| 15 | Tamang | 35 | Bhote | 55 | Hayu |
| 16 | Tokegola | 36 | Magar | 56 | Holung |
| 17 | Thakali | 37 | Manage | 57 | Hyolmo |
| 18 | Thami | 38 | Majhi Marphali | 58 | Yakha |
| 19 | Tharu | 39 | Mugali | 59 | |
| 20 | Thudum | 40 | Meene | | |

अनुसूची-१०

फोटोग्राफ



घरधुरी सर्वेक्षण गर्दा प्रशनावली भर्न लाग्दाको तस्वीर



श्री रत्नदेवी प्रा.वि. मा अध्ययनरत विद्यार्थी र शिक्षकहरुको तस्वीर



श्री गायत्रीदेवी प्रा.वि.मा अध्ययनरत विद्यार्थी र शिक्षकहरुको तस्वीर



श्री रत्नदेवी प्रा.वि. मा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुमा लक्षित समूह छलफल गर्दाको तस्वीर



श्री गायत्रीदेवी प्रा.वि. मा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुमा लक्षित समूह छलफल गर्दाको तस्वीर